# सङ्घीय संसद
# राष्ट्रिय सभा
# उन्नाइसौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १४ माघ २०८२
# बुधवार
# बैठक सङ्ख्या- ४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:२१ बजे प्रारम्भ भयो।

(१३:२१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य कमला पन्त।

(१३:२२ बजे) **माननीय श्री कमला पन्त (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, यो कहिले प्राकृतिक प्रकोप हुन्छ, कहिले मानव सृजित प्रकोपहरू हुन्छन् र यो प्राकृतिक प्रकोप पनि हामीले धेरै हाम्रै जेनेरेसनले पनि धेरै भोग्दै आयो र १९९० सालको भूकम्पको सम्झनामा एक दिन ठूलो कार्यक्रमहरू पनि भयो। राज्यले त्यो सम्झनाको दिवस पनि मनायो तर २०७२ सालको भूकम्पमा भूकम्प पीडितहरूले केही राहत पाए, केही छुटफिट बाहेक सरकारले प्रतिबद्धता जाहेर गरेको सबैको सहयोग भूकम्प पीडितहरूले प्राप्त गरे। तर यो जाजरकोट भूकम्प पीडितहरूलाई किन यति धेरै अपमान

गरेको होला ? त्यहाँका नागरिक होइनन् कि ? त्यहाँका जनतालाई राहत चाहिँदैन कि ? सरकारले कबुल गर्यो, यत्रा बर्खा बिते (.....समय सकिएको।)

(१३:२३ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:२३ बजे) <u>**माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)**</u>:- सम्माननीय अध्यक्ष महोदय, अचम्म छ बा ! हामीले धेरै मेहेनत गरेर तयार गरेका कैलाली जिल्लाका उत्तर दक्षिण सडकहरू त झन् जसले राजमार्गलाई हुलाकी सडकसँग जोड्छ। हिले यस्तो बेहाल छ कि ग्राभेल वा कच्ची बाटोमा गाडी उडाउन सजिलो छ तर यी ती सडकहरूमा गाडीमा हिँड्दा हामी जस्ता उमेर पुगेका मानिसहरूको कम्मर त टुट्ला-टुट्ला जस्तो हुन्छ। तसर्थ यी बेवारिसे बनाइएका सडकहरू मर्मत, सम्भार र चौडा गरिदिन सरकारको ध्यानाकर्षण गराउँदै डोटी जिल्लाको सहजपुर बोक्टान दिपायल सडक अलपत्र भए जस्तो छ। सो सडकमा कालोपत्र सम्म गर्न तदारुकता देखाइदिन पनि अनुरोध छ। धन्यवाद।

(१३:२४ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य भुवन बहादुर सुनार।

(१३:२४ बजे) <u>**माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८१/०८२ मा अर्थ मन्त्रालयले दलित समुदायको उन्नति र प्रगतिको लागि भनेर ३० करोड विनियोजन गरेको थियो। त्यो रकम ........ भयो। यस आ.व.मा पनि ५० करोड गरिएको छ। त्यो कार्यान्वयनको अवस्था के छ ? उद्योग मन्त्रालयले त्यसको जानकारी पनि गराएको छैन र यसमा म चासो जाहेर गर्छु। धन्यवाद।

(१३:२५ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य मदन कुमार शाह "गरिमा"।

(१३:२५ बजे) **मानिनीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, मुलुक निर्वाचनमय भएको छ। चुनावी प्रचार प्रसारका नयाँ-नयाँ तरिका र माध्यम प्रयोग भइरहेका छन्। जसमा फेसबुक, टिकटक जस्ता सामाजिक सञ्जाल र एआई समेत छन्। ..... भन्ने भ्रममा मतदाताहरू पर्ने सम्भावना छ। म मतदाताहरूमा अपिल र अनुरोध गर्दछु कि सामाजिक सञ्जालमा आएका सबै सामग्री र कुरा सत्य हुँदैनन्। भेरिफाई गरेर मात्र बुझौं। गलत र भ्रामक सामग्री सम्प्रेशन गर्ने व्यक्ति र प्लेटफर्मलाई कानुनको दायरामा ल्याउन र निर्वाचन सुरक्षित, निष्पक्ष र सुरक्षित बनाउन अध्यक्षज्यू मार्फत सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य युवराज शर्मा।

(१३:२६ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, शून्यमा व्यवस्था छ। अवस्था पनि शून्य छ। शून्यबाट शून्य घटाउँदा वा जोड्दा शून्य नै हुन्छ। शून्य समयमा बोल्दा प्रथम यस शून्यलाई गतिशील अङ्कमा बदल्नु एकको वा लोकतान्त्रिक दलको अथवा राष्ट्रिय एकता आवश्यक रहेको देखिन्छ। सबै बाचा बन्धन तोडी कमाउँदै भाग्दै एउटै दलमा जोडिन पुगेका माननीय मन्त्रीहरूलाई जहाज डुब्दा भाग्ने मुसे प्रवृत्तिसँग तुलना गर्न चाहन्छु। सम्माननीय प्रधानमन्त्रीज्यूले आफ्नो सम्पत्ति सार्वजनिक नगर्दा माननीय मन्त्री निर्वाचनमा प्रधानमन्त्री पदका दाबेदार कसैले गरेको देखिएन। त्यसैले अग्रज नेता कृष्णजी, मनमोहनजी ,सुशिलजी आज पनि ..... हुनुहुन्छ। सम्माननीय अध्यक्षज्यू, लाच्छा गढमा आगो लगाए झैं देश ध्वस्त बनाएकाहरू पुनः भ्रम छर्दै हिंडेका त छैनन् ? सतर्कता आवश्यक छ। हेक्का राख्नै पर्दछ भोलि पुन राष्ट्रिय जनावर देखि पशुपतिनाथको मन्दिर सहित नारी अस्मिता र गरिब निमुखा माथि दुर्वचन सहित प्रहार नहोस्। धन्यवाद।

(१३:२७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:२७ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिस्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, हाम्रो पाल्पा देखि ..... हुँदै रामपुर जाने सडक धेरै गाडी निर्माण भएको थियो। र

अहिले कालीगण्डकी कोरिडोर बने पछि त्यो बाटोको व्यवस्था गर्दाखेरिमा हाम्रो माथागढी ..... सम्म जाने यात्रीहरूलाई त्यहाँको किसानहरूलाई साह्रै अप्ठ्यारो भएको छ। त्यहाँका धुवाहरू, त्यहाँका पाखा, त्यहाँको अलैंची, त्यहाँको हाम्रो ..... गर्ने ..... हुँदै रामपुर जाने बाटो र आजभोलि ..... रामपुर जाने बाटो, त्यो बाटो ..... भएर असाध्यै त्यो जिर्ण भएको वस्थाहरू छ। त्यसको अनुगमन गर्न ..... चाहन्छु र अर्को दोस्रो कुरा यो (.....समय सकिएको)।

(१३:२८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१३:२९ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, भाद्र २३ र २४ गतेको आन्दोलन नेपालको इतिहासमा सर्वथा पत्यासित, अदभूत र नौलो प्रकारको रह्यो। भाद्र २३ गतेको आन्दोलन त जैनजीहरूले सहि मागहरू राखेर शान्तिपूर्ण तरिकाले आह्वान गरेको थियो। प्रशंसा योग्य थियो। यद्यपि त्यो आन्दोलनको दौरानमा तत्कालीन सरकारले निर्मम दमन गर्यो र थुप्रै व्यक्तिको हत्या गऱ्यो। त्यो निन्दनीय छ। म त्यसको भर्त्सना गर्न चाहन्छु। २४ गतेको आन्दोलन जुन अपराधीक क्रियाकलाप र विध्वसांत्मक कार्यहरू गरिएको थियो, त्यो आन्दोलनको सञ्चालक को हो ? जैनजीहरूले त्यसको जिम्मा लिँदैन। त्यसो भने को हो त ? यस्ता क्रियाकलापहरू हामीले महान दस वर्षको जनयुद्धमा पनि हामीले गरेका थिएनौं। यद्यपि हाम्रो सशक्त संघर्ष थियो तथापि भएको थियो। त्यसैले यो २४ गतेको आन्दोलन अपराधीक क्रियाकलापहरूको पनि जोडदार छानबिन हुनु पर्दछ भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद।

(१३:३० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सोनाम गेल्जेन शेर्पा।

(१३:३० बजे) **माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिस्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, सरकारले निर्वाचन आयोग र सरकारले निर्वाचन घोषणा गरिसकेको छ र निर्वाचन फागुन २१ गते हुँदैछ। तर हिमाली क्षेत्रमा फागुन २१ गते बेसीमा झरेका हिमाली क्षेत्रमा ठण्डो भएर बेसीमा झरेका मान्छेहरू, त्यहाँ जनताहरू त्यहाँ जाने स्थिति छैन। अब हिमाली क्षेत्रमा रहेको भोटहरू लगभग

३० देखि ४० प्रतिशत मात्र भोट झर्ने अनुमान गरिन्छ। त्यसकारण ६० प्रतिशत जनताहरूको मतदानबाट वञ्चित हुने सम्भावना देखिन्छ। त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउँछु। धन्यवाद।

(१३:३१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब माननीय सदस्यलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य माया प्रसाद शर्मा। समय १२ मिनेट। यसपछि माननीय सदस्य नारायण दत्त भट्ट।

(१३:३१ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)**:- (.....अडियो छैन।) राष्ट्रिय सभा बैठक बस्छ, बस्दैन ? भन्ने अन्योलतापूर्ण स्थिति थियो र डर, त्रास, अविश्वास पैदा भइराखेको थियो। त्यतिबेला निरन्तर ढङ्गले नागरिक सरकारसँगको छलफल, दलहरूसँगको छलफल, समितिहरूका बीचमा छलफल र कर्मचारी सबै सँगको छलफल अगाडि बढाएर जसरी १९औं अधिवेशन सुरु भएको छ। यसको लागि म सम्माननीय अध्यक्षलाई हार्दिक धन्यवाद दिन चाहन्छु, यो पहलकदमीका लागि। सबैले ज-जसले सहयोग गर्नुभयो। राष्ट्रिय सभा छ, जीवित छ, परिचालक काम गरिराखेको छ भन्ने कुराको सन्देश प्रवाह भइराखेको छ। सरकारले यसलाई सकारात्मक ढङ्गले अगाडी बढाउन मेहनत गर्‍यो, सरकारलाई पनि धेरै धेरै धन्यवाद दिन चाहन्छु। र २३ र २४ गतेको आन्दोलन सबैले व्याख्या, विश्लेषण र छलफल गरिराखेका छौं। २३ गतेको हाम्रा आफ्नै अनुभूति छ। त्यतिबेला पनि सदनमा बोल्ने पालो थियो। २३ गते भाद्र र म लि सबेरै आएको थिए। त्यतिबेला यताबाट जाने जुलुस देखिसकेपछि म सदन भित्र संसद भवन तिर जान लागे, गएँ। त्यहाँ महासचिव लगायतका कर्मचारीहरू हुनुहुन्थ्यो र संसदहरू मध्येको म मात्र थिए। त्यहाँ धेरै चीजहरू उथलपुथल जस्तो थियो त अलिकता डर, त्रास, भय थियो। सायद त्यो २४ गतेको जस्तो भएको भए, ब हामी भ्रष्टाचारीका नाममा, अनैतिकका नाममा, लुटका नाममा, पुराना दलका नाममा सिद्धिन्थ्यौं होला। त्यसै सँग महासचिवहरू, सचिवहरू को कोलाई के के हुन्थ्यो ? त्यो अलि अकल्पनीय एउटा परिस्थिति र परिघटना थियो भन्ने जस्तो लाग्छ। तर पनि के गर्‍यौं भने हामी संयोगले यहाँ फेरी सदनमा बोल्ने अवसर प्राप्त भएको छ। यसलाई हरेक जीवनका घटनाहरूमा नाफाको जीवन ल्याउँदै बोल्दै गर्दै

गरिराखेको स्थितिलाई हेर्दाखेरि मैले पनि त्यसलाई फेरी भिन्न ढङ्गले हिलेको स्थितिलाई बुझ्ने अवसर प्राप्त गरेको अनुभूति भएको छ।

सम्माननीय अध्यक्ष महोदय, अब हामीले हाम्रो यो राष्ट्रिय सभाको लागि राष्ट्रिय सभा छ कि छैन? संसद विघटन हुने बित्तिकै संसद नै विघटन भयो भनेर भन्ने परिस्थिति देखा परेको थियो। इभन सरकारलाई पनि त्यस्तो अनुभूति भएको थियो कि जस्तो लागिराखेको  स्थितिमा समितिमा विशेष गरेर छलफल पूर्व-पश्चिम, उत्तर-दक्षिणमा समितिकै तर्फबाट हामी गएर त्यहाँ हाम्रो राष्ट्रिय सभा उपस्थित भएको हामीसँगै प्रश्न गर्दाखेरि के संसद छ ? अझै तपाईहरू खाँदै हुनुहुन्छ ? लि कसै कसैले त अझै लुट्दै हुनुहुन्छ ? भनेको जस्तो अभिव्यक्तिहरू पनि देखिन्थ्यो। तर हामीले राष्ट्रिय सभाका बारेमा त्यहाँ जाँदाखेरि भन्न, कुरा गर्न, छलफल गर्न एउटा अवसर मिल्यो र एउटा नयाँ ढङ्गले परिस्थिति सिर्जना भएको देखिन्छ। यो यता अब यो सरकारसँग पनि हाम्रो समितिमा  विभिन्न ढङ्गले विषयगत समितिमा सरकारी आश्वासनमा, सार्वजनिक नीतिमा, प्रत्यायोजित विधायनका विषयमा पनि सरकारलाई बोलाएर छलफल गर्दाखेरि, आउँदाखेरि अलि-अलि अप्ठ्यारो- अप्ठ्यारो जस्तो भए पनि जाँदाखेरि खुसी भएर छलफल गरेर जानाले यो वातावरण सहज र सरल तिर बन्ने स्थिति सिर्जना भएको अवस्था मैले देखेको छु। र यतातिर अहिले भर्खरै पनि सरकारले एउटा पहलकदमी लिएको छ, राष्ट्रिय सभाको निर्वाचन सकिएको छ। लिग भन्दा बाहिर गएको चीजलाई सकारात्मक ढङ्गले सरकारले जसरी लिएको छ। राष्ट्रिय सभाको बैठक निर्वाचन सम्पन्न भयो।

प्रतिनिधि सभाको निर्वाचनका लागि समय तोकिएको छ र निर्वाचनमा करिब करिब सबै समुदाय त्यता गइराखेको, दलगत हिसाबले पनि अलि क्रियाशिल भइराखेको स्थिति छ। यसलाई मैले सकारात्मक ढङ्गले लीन खोजेको छु। किनभने नकारात्मक भित्रको सकारात्मकलाई हामीले सकारात्मक ढङ्गले बुझ्ने। विध्वंस भयो, क्षत-विक्षत भयो, होइन। आज हामीले संविधान गएको भए, राष्ट्रपति उ हरू नै ध्वस्त भएको भए, देश अर्कै कसैको विदेशी शक्तिहरूको क्रीडा स्थल भएको भए, झन् खतरा हुन्थ्यो। हामी कम्तीमा हामी देशकै मान्छे छलफल गर्ने ठाउँमा आएका छौं। देशकै मान्छे बहस गर्ने ठाउँमा आएका छौं। देशमा निर्वाचन गरेर एउटा प्रक्रियामा गाडी बढाउने तिर आइराखेका छौं। यसकारणले हामीले यसलाई सहि ढङ्गले अब यसलाई निर्वाचनलाई धाँधली रहित बनाउने, निष्पक्ष बनाउने गर्‍यौं भने आज उपयुक्त हुन्छ। कहिलेकाहीं हेर्दै जाँदाखेरि यो कतै यो अहिले विचार, राजनीति, सङ्गठन, संघर्ष भन्दा स्टन्टबाजी चलिराखेको छ र यसले देशलाई अर्को तिर मोड्छ कि ? यता हाम्रो

आफ्नो लक्ष्य के हो? उद्देश्य के हो ? दृष्टिकोण के हो ? भनेर भन्ने तिर भन्दा हावा अर्को तिर चलिराखेको स्थितिमा, यसले कतै लिन्छ कि भन्ने डर, त्रास छ। उता कैदीहरू भागेका छन्, हतियारहरू बाहिर छन्। यसलाई अब यसले कतै धाँधली बनाउँछ कि भनेर भन्ने छ। हामीले यसलाई पनि के छ भने सरकारले यसको बारेमा गम्भीरता पूर्वक सोच्ने र धाँधली रहित कसरी बनाउने, निष्पक्ष कसरी बनाउने भन्ने तिर बढी सोच्नु पर्छ जस्तो मलाई लाग्छ।

सम्माननीय अध्यक्ष महोदय, म अस्ति बाहिर जाँदै सिंहदरबार भन्दा बाहिर जाँदा कोठामा जाँदा त्यहाँ एउटा दक्षिण गेटमा एउटा महिला लम्पसार परिराखेको स्थिति थियो। त्यहाँबाट प्रहरीहरूले त्यसलाई छेकेर पश्चिम गेटबाट जानुस् भनेर सिकाइ राख्नु भएको थियो। को हुन् भनेर भन्दा जाजरकोटको चुनीचाँदे बस्ने एकजना महिला। विशेष गरेर शर्मिला शाही त्यहाँ धर्नामा बसिराखेको स्थिति रहेछ। के हो भनेर बुझ्न जाँदा एउटा दार्चुला घर भएको पुलिस प्रहरीले, भुपेन्द्र सिंह ठगुन्नाले उहाँहरूसँग ललाई फकाई हो भनेर भन्ने सुनिन्छ कि मलाई गर्भवती बनाएको आठ महिनाको बच्चा गर्भमा भएको ..... बसेको अहिलेसम्म सरकारसँग छलफल, बहस गरिराखेको तर निष्कर्ष केही पनि ननिस्किएको भनेर एउटा स्थिति छ। यसलाई सुल्झाउन तिर लाग्नुपर्छ। यसलाई सहि ढङ्गले यस्तो किसिमको यो कुदृश्य हेर्न तिर लाग्नु हुन्न। यसलाई अलिकति सच्याउन, सबल बनाउन तिर लाग्नुपर्छ। अर्कोतिर हामीले अस्ति माघ १० गते गोल बजारको सिराहाको गोल बजार नगरपालिका वडा नम्बर ३ मा एकजना १६ वर्षिया बालिका बिना बाँनिया झुन्डेर मरेको भनेर भन्ने सुनियो। झुन्डेर किन मरिन ? त्यसको खोजबिन होला, गर्नुपर्छ। झुन्डिएर मरेको पोस्टमर्टम गर्दाखेरि अर्को मान्छे अर्को त्यही अर्को किशोरी राधिका शाह। त्यहाँ फेरी एउटाको लास अर्कोले बुझेर लिएको, सद्गत गरेको फेरी अर्को मान्छे खोज्दै जाँदाखेरि त्यो अर्को परेको भनेर भन्ने छ। यो लापरवाही किन भइराखेको छ ? अस्पतालको लापरवाही, सरकारको लापरवाही, सम्बन्धित निकायको, कसको लापरवाही हो ? यसको छानबिन गर्नुपर्छ होला र छानबिन गरोस्, सरकारलाई मैले त्यो माग गर्न चाहन्छु। यिनी दुइटा एउटा भनम खतरनाक तिर जाने स्थिति हो जस्तो मलाई लागेको छ। यसलाई अब आफन्तहरूलाई हैरान परेको छ। अर्काको लास सद्गत गरि सक्यो, अर्को लास त्यहाँ भेटिएको छ। यस्तो स्थिति किन भइराखेको छ ? यसकारणले यसलाई हामीले अलिकता सुल्झाउन तिर लाग्नुपर्छ जस्तो लाग्छ।

अब राष्ट्रिय सभाको अब हामीले यो सरकार विशेष गरे आन्दोलन सरकार परिवर्तन र निर्वाचन यसका दुई तीनटा आन्दोलनले सरकार परिवर्तन गरेको छ। सरकारको मुख्य उद्देश्य भनेको निर्वाचन

हो। यो निर्वाचन अब सरकार कस्तो ढङ्गले आयो। कहिलेकाहीँ अवैध ढङ्गले बच्चा जन्मन्छ, बच्चाको दोष हुँदैन। त्यसले राम्रो काम गर्छ, त्यसको दोष अर्कालाई लगाइ राख्नु हुँदैन। अब यो कुन ढङ्गले आयो, होइन मैले अर्को कुरा भन्दा अवैध ढङ्गले आएको बच्चाको दोष हुँदैन। तर आमा बाबुको दोष बच्चाले बेहोरी राख्नु परेको हुन्छ र उहाँको भनेको युवाहरूको आन्दोलनले पैदा भएको आमा बाबु भनेको युवा जस्तो, सरकार भनेको बच्चाबच्ची जस्तो बन्न जो गएको छ। अब उम्मेरका हिसाबले बच्चाबच्ची अलि उथलपुथल पर्ला तर पनि के हो भन्दाखेरि यसले अलिकति बढी जिम्मा लिनुपर्छ। अब सरकारमा बस्ने अलि अलि पलाउँदो रहेछ। हामी त त्याग, तपस्या, बलिदान गरेका, आएका त्याग गर्न सकेका। यी पुराना दलले भ्रष्ट गरे, खतम गरे, सिध्याए हामी नयाँ गर्छौं आउने भन्ने बित्तिकै दुई महिनामा पनि रस पलाउँदो रहेछ त। सरकारमा फेरी भएका मान्छे अब त हामी निर्वाचनमा जान्छौं है भनेर कन्दनी कसेर जसरी यो सरकार छोडेर, व्यवारीसे छोडेर सरकार निर्वाचन तिर गएको छ। यो त्यति धेरै जिम्मेवारपूर्ण छैन। यसले गर्दाखेरि अर्कालाई प्रभाव पारिराखेको छ। राम्रो पनि हुनुहुन्छ। त्यहाँ राम्रो गर्न खोजेको होइन त्यसलाई एउटा निष्कर्षमा पुऱ्याउन खोजेको पनि छ। तर सँगै बस्दाखेरि कहिलेकाहीँ त्यसको प्रभाव परि राख्छ। यसकारणले त्यसलाई अलिकता सोच्नु पर्छ कि जस्तो लाग्छ। सरकारले अब नयाँ गर्छौं भन्ने नाममा यो बजेट रोकेको छ। विकास त सबैलाई चाहिन्छ अब त्यहाँ काम रोकिएको छ। निरन्तरतामा जाने राष्ट्रिय गौरवका योजनाहरू छन्। यो बजेटहरू रोकिएको छ। यसलाई किन गरेको ? यो नँया होइन, यो त पुरानो हो। केही पनि नगर्ने त पञ्चायतले गर्थ्यो, राणाशासनले गर्थ्यो सरकारले यो त यो सरकारले त गर्नु हुन्न नि त। यस्तो काम गरिराखेको छ।

के-के न गऱ्यौं भनेको छ, यो सेवा सुविधाहरू रोकेर। सांसदहरूको के छ त्यहाँ ? केही पनि छैन। एउटा मान्छेले काम गर्दिन्थ्यो, लेख्दिन्थ्यो, पढाई दिन्थ्यो, यो टिप्दिन्थ्यो, त्यही पनि खोसेर लियो। अब एकदम भयङ्कर गरेको होला भनेको जस्तो। अब आफूलाई चाहिने थियो कि थिएन त्यो अर्को कुरा होला। तर सांसदहरूलाई तेजोबध गर्ने यो त व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका एक अर्काका परिपूरक हुन्। यिनी तीनटा चीजहरू फरक फरक हुन्। तर एकलाई अर्कोले तेजोबध गऱ्यौं भने ठिक ठाउँमा जाँदैन। यो हामी त भोलि पर्सि अब यो हाम्रो अवधि हो। हामीलाई केही त्यस्तो स्वकीय स्वकीय नराखेर आएको, आन्दोलनमा आएको, जीवनभरिको लडाई लडेको हो, होइन। हामीले नाङ्गै बस्न पनि सकिन्छ, डिलमा बस्न पनि सकिन्छ। त्यस्तो धेरै होइन तर हाम्रो सिस्टम बदल्यौ, सिस्टमलाई हामीले माननेनौ भने हामी के गर्न खोजेका हौं भनेर भन्ने प्रश्नहरू उत्पत्ति रहेका छन्। यो जाजरकोट र रुकुममा यो एउटा पुल छ, यो मध्य पहाडीको यो यति धेरै वर्ष भइसक्यो। मैले राष्ट्रिय

संविधान सभामा हुँदाखेरि सायद मलाई फाल्गुन महिना हो त्यति बेला हामी जाजरकोटबाट तीनटा सांसद भक्त बहादुर, काली बहादुर र म थियौं हामीले एउटै उसमा गरेर पूर्ववर्ती सरकारलाई हामीले त्यो तत्कालीन सरकारलाई हामीले त्यो गऱ्यौं। मध्य पार्टीको लागि त्यो दियौं। अहिलेसम्म त्यो बनेको छैन। त्यहाँ गएका छौं, भएको छ भन्छ। आज टेन्डर गर्छौं, भोलि टेन्डर गर्छौं भन्छ। यो एउटा यस्तो स्थिति पनि राखेको छ। यसलाई अब छिटो गरोस् भनेर भन्ने मलाई लागेको छ।

यो अर्को तिर हामीले यो उसको नागरिक सरकारले विशेष गरेर त्यसका अलिकता पक्षपातपूर्ण काम नगरोस् भनेर भन्न चाहन्छु। साझा सरकार हो त्यो, त्यसले साझा काम गर्नुपर्छ। राष्ट्रलाई उँभो लगायो भने त्यसकै नाम रहन्छ, होइन। आज त्यसलाई आज बढी कसरी प्रभावकारी बनाउन सकिन्छ, राम्रो बनाउन सकिन्छ भन्ने कुरालाई आज अहिले राखोस् र सबै दलहरूले, सबै राजनीतिक पार्टीहरूले अहिलेको सङ्कटलाई सकारात्मक ढङ्गले बुझेर हामीले निर्वाचन गर्यौं भने सबै चीज लिगमा आउँछ। राष्ट्र राम्रोसँग चल्छ र यसलाई चलाउन सकिन्छ। हामी सबै गैर जिम्मेवार होइन कि जिम्मेवारपूर्ण आज बढी हामी राजनीतिक दलका मान्छेहरू अरू स्टन्टबाजी कसले के गर्छ, के प्रचार गरेर खान्छ, के गर्छ छ सबैका इतिहास हामी सबैलाई थाहा छ। "वनले देख्या हो बाघ बाघले देख्या हो वन" हामी यही छौं। तर हामीले आज बढी जिम्मेवारी भएर, जिम्मेवार भएर लैजानु पर्छ र यो देशलाई नयाँ ढङ्गले उँभो लगाउनु पर्छ भन्ने कुरा रगत, आँसु, पसिनाबाट जसरी हामीले बनाएका छौं, ल्याएका छौं। गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, यो जसरी हामीले ल्याएका छौं, यसको गम्भीरतापूर्वक सोचेर लैजानु पर्छ भन्ने लागेको छ र अब यति कुरा राख्दै मेरो आफ्नो भनाई अन्त्य गर्छु। धन्यवाद।

**(१३:४३ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य नारायण दत्त भट्ट। समय १२ मिनेट। यसपछि माननीय सदस्य सुमित्रा वि.सी.।

**(१३:४४ बजे)** **माननीय श्री नारायण दत्त भट्ट (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, आदरणीय माननीयज्यूहरू, आज सहअस्तित्व दिवस पनि रहेछ। हाम्रो संविधान क्षत विच्छेद छ र हामी निर्वाचनको पनि कुरा गरिराखेका छौं। एकातिर आशा, भरोसामा बाँच्ने यो मानव जीवन, अर्कातिर यथार्थ कुरा हेर्दा अलगै देखिन्छ। आदरणीय तमाम माननीयज्यूहरूले एउटै कुरा उठिराखेको छ, २३ गतेको आन्दोलन। सबैले एउटा कुरा भनिराखेका छन् त्यो आन्दोलनको माग जायज थियो। त्यसलाई म पनि समर्थन गर्न चाहन्छु। तर २४ गते जुन घटना घट्यो सायद संसारमै मलाई लाग्दछ यस्तो

घटना घटेको छैन। त्यसपछिका दिनहरूमा जसरी यो सबै कुराहरू, परिस्थितिहरू नियन्त्रण हुनुपर्थ्यो। समाजमा देखिएको विकृति, विसङ्गति, बैमनष्यताहरू चिरिएर अगाडि जानुपर्ने थियो, त्यो अवस्था आजको परिस्थितिमा पनि छैन। मैले किन यो कुरा भन्न खोजेको भने नागरिक सरकारको गठन भयो जसको प्रमुख आदरणीय सम्मानित सर्वोच्च अदालतको पूर्व न्यायाधीश हुनुभयो। र सरकार तीन चार राउण्डमा गठन भयो। र भनियो के भनेपछि यो सरकार नागरिक सरकार हो। यसमा विषय विशेषज्ञहरू छन्। यसले देशमा उथलपुथल भएको परिस्थितिलाई सुधारेर अगाडी गएर निर्वाचन गराउँछ। म विनम्रका साथ अनुरोध गर्न चाहन्छु, सम्माननीय प्रधानमन्त्री सुशीला आन्टीले नागरिक अगुवाहरूको सरकार त बनायो कि बनाएन मलाई थाहा छैन। वरिपरि घण्टी-घण्टी फलाउनु भएछ। अर्कालाई नैतिक प्रश्न सोध्ने आदरणीय आजका समाजका नायक आफूलाई ठान्नेहरूलाई म प्रश्न गर्न चाहन्छु। जिम्मेवारीबाट भागेर पुराना दल भनि सतोसराप गर्ने वालाहरूलाई म भन्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, चाहे त्यो पूर्व प्रधानमन्त्री आदरणीय शेरबहादुर दाइको कुरा होला, आदरणीय प्रचण्डजीको कुरा होला, केपी शर्मा ओलीजीको कुरा होला, झलनाथजीको कुरा होला, माधव नेपालको कुरा होला। आज यो प्रजातन्त्र ल्याउने कुरामा तपाइले जो अधिकार प्रयोग गरेर राख्नु भएको छ यो संविधान मातहत गरिराखेको अधिकारलाई सतोसराप गरेर यी केही पनि होइनन् भन्ने जो भाष्य निर्माण गर्न खोजी राख्नु भएको छ। एकचोटी उहाँहरुलाई म भन्न चाहन्छु। सम्झिनुहोस् आज यो देशमा थिति, विधि, प्रक्रिया, पद्धति सारा ध्वस्त भएको छ। सम्माननीय अध्यक्षज्यू, मैले यो कुरा त्यसै भन्न खोजेको होइन। जनताको चौथो स्तम्भ खम्भाको रूपमा रहेको मिडिया हाउसहरू पत्रकारिताका नाउमा पत्रुकारिता गरिँदैछ। सामाजिक सञ्जालका नाउमा मान्छेलाई तथानाम गाली गरिँदैछ। म अनुरोध गर्न चाहन्छु, आफ्ना विचार व्यक्त गर्ने स्वन्त्रताका लागि यहाँ बसेका आदरणीय सबै माननीयज्यूहरू आफ्नो जीवनको आहुति दिन तयार भएर बस्नु भएको। तर भाष्य निर्माण गरिएको छ यी भ्रष्टाचारी हुन्, यी नालायक हुन्, यी काम लाग्दैनन्। म प्रश्न गर्न चाहन्छु, जिम्मेवारीमा बसेर आफ्नो जिम्मेवारी पूर्ण तरिकाले निर्वाह नगरी स्टयान्डबाज।

जसरी २४ गतेको एउटा भीडको निर्णयले यो देशलाई खरानी बनायो। के ग्यारेन्टी छ भीडको भरमा आज प्रधानमन्त्री घोषणा गर्ने, आफूलाई प्रधानमन्त्री हु भन्ने यो देशको मुहार फेर्छौं भन्ने कुराको भएको संविधानको प्रयोग गरेर देशलाई खरानी बनाउनेहरूले यो देशको मुहार फेर्छ भन्ने कुराको के कुराले ग्यारेन्टी गर्दछ। यो यसको सिम्बोलिक होइन, आफ्नो एउटा जिम्मेवारी छोडेर अर्को जिम्मेवारीमा

जाने, आफू एउटा मिडिया हाउसको सबभन्दा ठूलो पत्रकार भनेर उभ्याएर मन्त्री खाने र मैदानमा माननीय हुन जाने। बाकी तपाई, हामी जस्ता विचारले बाँधिएका, विचारका लागि, जनताका लागि रात दिन खटेका मानिसहरू बदनाम हुँदै जाने पुरानाका नाउमा। म उहाँहरुलाई भन्न चाहन्छु, पहिला पुराना आमा बुवा पनि भए होलान्। आमा बुवाले कमाएको सम्पत्ति पनि पुरानो भयो होला। आर्जेको सबै कुरा पुरानो भयो होला। त्यो सब फाल्नुस् र आफू कमाएर आफ्नो खुट्टामा उभिएर देखाउनुस्। अर्काले बनाएको संविधान, अर्काले बगाएको रगत मा उभिएर आज तपाइहरू जोलाई अर्ति उपदेश दिँदै हुनुहुन्छ, म अनुरोध गर्न चाहन्छु सुध्रिनुस। यो राष्ट्र, राष्ट्रियता कसैको बाउँको बपौती होइन। यो हाम्रो साझा हो। तर सोच्न जरुरी छ। आज यो राष्ट्रको अस्तित्व रहने कि नरहने ? हामी कतातिर गइराखेका छौं ? यहाँ घाम जस्तै छर्लङ्गै धेरै कुराहरू २३ र २४ गतेको आन्दोलनमा के के कुरा थियो भन्ने कुरा त सधैं आइराखेको छ। त्यसकारण यो सरकारलाई विनम्रका साथ अनुरोध गर्न चाहन्छु। हो हिजोको सरकार काम गर्न सकेन, जनताको हितमा थिएन र अब आउने निर्वाचनले बन्ने सरकार जनताको हितमा के कति कारणले हुने। यदि त्यहाँ समस्या थियो भने त्यो समस्याको निदान नगरीकन यो निर्वाचनका लागि निर्वाचन हुने कुरा यो राष्ट्रका लागि, यो देशका लागि, यो जनताका लागि कति उपयुक्त छ ? म प्रश्न गर्न चाहन्छु। “रिटी घुमी रुम्झाटार” भने जस्तै आज हिजो ५ दल, ७ दल थिए, अब १६, १७ दलमात्रै हुने भए परिवर्तन के कुरा हुने ? परिवर्तन गर्न खोजेको के ? जेनजी आन्दोलनको माग के ? र यो अवस्था अझ रिटी घुमि सत्ताका वरिपरि घुमे भन्ने आरोप हामीलाई लाग्दै गर्दा, ठिकै छ। त्यहाँ सम्म त ठिक छ।

अब हुने निर्वाचनमा आउने मानिसहरू के खरानी घस्न तपाइको गयाँ र हरिद्वार जाने हुन् त? कि सत्ताका लागि राजनीति गर्छन् कि गर्दैनन् ? यदि राजनीतिको अन्तिम उद्देश्य सत्ता नै हो भने अब आउने सरकारले यो देशलाई यो दुई महिना, तीन महिनामा परिवर्तन हुने सरकारको जो अवस्था थियो, जसबाट जनताहरू आजित भए, अब यो सरकारले स्थायी सरकार हुन्छ भन्ने कुराको ग्यारेन्टी के ? त्यसकारणले मेरो सम्माननीय प्रधानमन्त्री लगायत मन्त्रीज्यूहरूलाई एउटा निवेदन छ। मूल थुनेर खोला सुक्दैन। एक दिन थुनिएको मूल फुट्यो भने त्यसले विनाश ल्याउँछ। त्यसकारणले आज यो निर्वाचन जो गराउँदै हुनुहुन्छ, मूल थुन्दै हुनुहुन्छ। के हो निकास? निर्वाचन प्रणालीमा एउटा दलले बहुमत नल्याउने अवस्था भएका कारणले यो अवस्था आएको हो भन्ने हामी यदि निष्कर्षमा पुगेका हौं भने त्यसको निकास नदीकन फेरी निर्वाचन गर्ने कुरा। २३ र २४ गतेको आन्दोलनले यो देशलाई खरानी बनाएको देश, आज ग्रे लिस्टमा भएको यो देश, निर्वाचनमा अरबौं रुपैयाँ खर्च गरेर के कालो सुचीमा

लगेर इन्सोल्मेन्ट गर्न खोजेका हौं त हामीले? मेरो प्रश्न छ। त्यसकारण सम्माननीय अध्यक्षज्यू, एउटा बाटो बेठीक भो भनेर अर्को बाटो समात्दै गर्दा एक किलोमिटर दूरी कम हुन्छ भनेर सोचेर अगाडी बढेको मान्छे कहि पाँच किलोमिटर त घुमेर फेरी त्यही ठाउँमा त आउँदै छैन ? सोच्नु पर्ने आवश्यकता छ।

निर्वाचन प्रजातन्त्रको मेरुदण्ड हो। जनताले चाहेका प्रतिनिधिहरू चुन्ने, नचाहेका प्रतिनिधिहरूलाई आफ्नो मतदानबाट बहिष्कार गर्ने अधिकार छ। तर त्यो अधिकार प्रयोग गर्दै गर्दा जाने कहाँ हो ? निकास के हो ? त्यसकारणले आज देशका संवैधानिक अङ्गहरू बोल्न नसक्ने अवस्था, अदालतहरू बोल्न नसक्ने अवस्था र एउटा जीवित यो राष्ट्रिय सभा सदस्यहरूको कारण हामी केही कुरा यहाँ राखिराखेका छौं। तर यसलाई पनि हेला र होचो गर्ने जो प्रवृत्ति बढेको छ। त्यसबाट यो सरकार सचियोस्, अगाडि बढोस् र यो देश र जनताको हितमा लाग्ने कुरामा अगाडी बढोस् भन्ने शुभकामना व्यक्त गर्दै निर्वाचनमा निर्वाचित भएर आउने सबै राष्ट्रिय सभा सदस्यहरूलाई स्वागत गर्दै, वेलकम गर्दै यहाँबाट लामो समय आफ्नो अनुभव यस सभामा दिनु भइ केही समय पछि बिदाइ हुने सबै माननीयहरूलाई मेरो तर्फबाट सम्मान व्यक्त गर्दै बिदाइ हुन चाहन्छु। धन्यवाद। जय नेपाल।

(१३:५६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुमित्रा वि.सी.। समय १४ मिनेट। यसपछि माननीय सदस्य भुवन बहादुर सुनार।

(१३:५७ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिस्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हाम्रो समितिका माननीय बलदेव बोहराज्यूको निधन प्रति म हार्दिक भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारलाई हार्दिक समवेदना भन्न चाहन्छु। र यही माघ ११ गते राष्ट्रिय सभाको चुनावबाट बाट १८ जना आउनु भएका माननीयहरूलाई म हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना भन्न चाहन्छु। र अध्यक्ष महोदय, वर्तमान परिस्थितिका बारेमा हामी सबै भुक्तभोगी छौं। र यो २०८२ भदौ २३ र २४ को आन्दोलन अथवा घटना भनौं यसलाई हेर्ने दुइटा दृष्टिकोणले हेर्नुपर्छ भन्ने मेरो आफ्नो बुझाई छ। र जुन युवाहरूले माग राखेर सुशासनका निम्ति भ्रष्टाचारका विरुद्धमा जुन खालको आवाज उठाए। यो हामी सबैले उठाउँदै आएको, हामीले हिजोको दिनहरूमा सदनमा पनि बोल्दै आएको र सबै जनताहरूले चाहेको कुराहरू आवाज उठाएर जुन

आन्दोलन भयो। त्यो आन्दोलन शान्तिपूर्ण हुने भन्ने थियो र विगत त्यो आन्दोलनको फाइदा उठाएर मलाई लाग्छ अब घुसपैट भएन भनौं भने आन्दोलनको बीचबाट जुन निषेध आज्ञा तोडेर आइसकेपछि त्यो दिन हाम्रो राष्ट्रिय सभाको सदन भएको कारणले म पनि अलि अगाडी आएर म दक्षिण गेटबाट छिर्दै थिए र त्यहाँ हुलहुज्जत गरेर ढुङ्गा-मुढा ठोकियो र उताबाट प्रहरीले असुर ग्याँस छोडिसकेपछि हामी त्यहाँबाट पस्न नसकेर र एकजना सिभिल ड्रेसमा हाम्रो मर्यादापालक बहिनी हुनुहुन्थ्यो। उहाँ सहित हामी फर्केर पछाडी तिरबाट गयौ र त्यहाँ यदि मलाई लाग्छ घुसपैट नभएको भए प्रहरीको नियम त पहिला पानीका फोहरा छर्ने, असुर ग्याँस छर्ने र लाठी चार्ज गर्ने अनि हवाई फायरिङ गर्ने अनि रबरका गोली हान्ने र यदि स्थिति सामान्य भएन भने, हान्नै पर्यो भने घुँडा मुनि गोली हान्ने जुन खालको प्रहरीको सुरक्षाहरूको नियम थियो।

त्यो नियम नभएर त्यहाँ बीच बीचमा घुसपैट भएर ती स्कूले बालबालिकाहरू झोला बोकेर युनिफर्ममै आएका बच्चाहरूको टाउको र छाती ताकेर जुन गोली हानियो। त्यो गोली मलाई लाग्छ त्यो घुसपैटकै आन्दोलनलाई उत्तेजित बनाउनका निम्ति घुसपैटले नै हो भन्ने मेरो आफ्नो बुझाई छ र ती जुन मृत्युवरण गर्ने बालबालिकाहरू प्रति मेरो हार्दिक श्रद्धाञ्जली छ। यो असह्य पिडा सहन बाध्य भएका अभिभावकहरू प्रति मेरो हार्दिक संवेदना छ र एक्यबद्धता छ। र म पनि एउटा आमा भएको नाताले यी बच्चाहरूको जुन रगत बग्यो, यसप्रति मेरो एकदम सहानुभूति छ र यो हृदय विदारक घटनालाई म सम्झिन पनि अप्ठ्यारो लागिरहेको छ। र म एउटा जनप्रतिनिधिको हैसियतले यसको जिम्मा कति लिनपर्छ म आफू व्यक्तिगत रूपले पनि यसको जिम्मा लिने म यहाँ राख्न चाहन्छु। र जुन ढङ्गले त्यो घटना घटाइयो, नेपाली झन्डा ओढेर नेपालको स्वाभिमान माथि आँच आउने गरि त्यो जुन खालको आन्दोलन घट्यो भोलिपल्ट पनि र त्यो आन्दोलनले देश भवनहरू मात्र आगजनी गरेन, हाम्रो राष्ट्रियता माथि आगजानी गर्‍यो। हाम्रो स्वाभिमान माथि आगजनी गर्‍यो र हाम्रा नेपाली झन्डाको आन्दोलन गर्दाखेरि पनि नेपाली झन्डाको दुरुपयोग गर्ने र अहिले आएर चुनावमा पनि नेपाली झन्डाको दुरुपयोग भइरहेको कुरो हामी देखिरहेका छौं। यसका बारेमा वर्तमान सरकारले गम्भीर भएर सोचोस् भन्ने म चाहन्छु।

र जुन घटनाहरू घट्यो देशै भरि एउटै समयमा एउटै तरिकाले, मलाई लाग्छ यो त्यो दिनको मात्रै योजना थिएन। यो पूर्व तयारी र पूर्व योजना अनुसार यसरी यो घटना घटिएको थियो र मान्छेहरूका व्यक्तिगत पैतृक सम्पत्ति सहित डढेलो लाग्यो र नेपालका प्रमुख प्रमुख संस्थाहरू प्रतिनिधि सभा,

भवनहरू, सिंहदरबार जस्तो राष्ट्रको मेरुदण्डका भवनहरू र अदालत, राष्ट्रपति भवनहरू यसरी डढेको कुराहरू हेर्दाखेरि हाम्रो मन छिया-छिया हुन्छ र यसै क्रममा मैले हिजो शून्य समयमा पनि कुरो उठाए र यी यस समयमा जलेका सवारी साधनहरूलाई सबै भवनहरूमा त हामी म्युजियम बनाउन सक्दैनौ तर ती डढेका ती बानेश्वरमा धूम लागेका ती सवारी साधनहरूको त्यो एउटा म्युजियम गराउने कुरोमा म आज पनि दोहोऱ्याउन चाहन्छु। र त्यो घटनाको सत्य तथ्य अगाडि ल्याउनका निम्ति यो सरकार जुन खालको यो आयोग बनेको छ यसको किन टाइम सारेको सारै भएको छ। यसले सत्य तथ्य समयमा ल्याएर निष्पक्ष छानबिन गरेर दोषी जो कोही होस दोषी माथि कारबाही हुनुपर्छ भन्ने मेरो धारणा छ। र जुन अराजकता, अराजकताको पनि पराकाष्ठा भएको हामीले बुझिरहेका छौं र यो वर्तमान सरकारका जुन भ्रष्टाचार रोक्छौ, अराजकता नियन्त्रण गर्छौं भन्ने जुन खालको सरकार छ अहिले त्यो सरकारका मन्त्रीहरू त बीमा छोडेर माननीय हुने तिर लागिसकेको कुरा हामी सबैलाई थाहा छ र उहाँहरू यो ६ महिनामा चुनाव बनाउनु पर्ने प्रतिबद्धताका साथ आएको यो सरकार बीचै बाटोबाट सरकारका मन्त्रीहरू बी बाटोबाट उहाँहरू जुन खालको आफ्नो जिम्मेवारी छोडेर लाग्नु भएको छ। र भोलि यस्ता खालका प्रवृत्तिहरूको बारेमा हामी यस्ता मान्छेहरू निर्वाचित भएर आए पछि हामीले के सुशासनको आशा गर्ने। यो अहिले सम्म लगभग ५ महिना भइसक्यो सरकार गठन भएको। अहिले सम्मका सरकारका मन्त्रीहरूले जुन सम्पत्ति विवरण बुझाउनु पर्ने, त्यो सम्पत्ति विवरण पनि आजसम्म नबुझाएको हामीले बुझिरहेका छौं। त्यसकारणले अरूलाई भन्नका निम्ति आफू सक्षम हुनुपर्छ, सबल हुनुपर्छ र अनुशासित हुनुपर्छ, नैतिकवान् हुनुपर्छ र अरूतिर औंला ठड्याएर मात्रै समस्याको समाधान हुँदैन। आफू नै व्यवहारिक बन्नुपर्छ भन्ने मेरो आफ्नो बुझाई छ।

र यहाँ कुरो उठिसकेको छ, अहिले हत्या हिंसा बढिरहेका छन्। जुन अस्ति भर्खरै खोटाङमा एकजना दम्पतीको हत्या भएको छ र फेरी घरभित्रै छिरेर आमा छोरीको हत्या भएका समाचारहरू आइरहेका छन् र हत्या गरिएका शङ्कास्पद घटनाहरू बाहिर आउँछन् भनेर सवहरू साटेर ती हत्यालाई ढाकछोक गर्ने कामहरू पनि भइरहेको छ। र यो महिला हिंसाका बारेमा आज माइती घरमा बसेको लगभग दुई महिना धरना बसेको जाजरकोटको चेली यहाँ सिंहदरबारको गेट सम्म आइ पुग्दाखेरि पनि न्याय नपाएको एउटा स्थिति छ। नेपालको सुरक्षा गर्छौं, जनताको सुरक्षा गर्छौं भनेर पेशामा लागेका सुरक्षाकर्मीहरूबाटै बलात्कृत भएर गर्व भएको गर्भवती भएको कुराहरू हामीले सुनिरहेका छौं र यसका लागि पनि न्यायको लागि ती चेलीको जुन आवाज सम्बन्धित निकायले, सम्बन्धित गृह मन्त्रालयले बेलैमा ध्यान दिएर यसको पीडितलाई न्याय र पीडकलाई कारबाही होस् भन्ने म माग गर्न चाहन्छु।

र जनताले यो आन्दोलनको उद्देश्य राम्रो भए पनि यसले जुन खालको को एउटा विकराल रूप लियो र त्यसै क्रममा हाम्रो प्रतिनिधिसभा भङ्ग हुँदाखेरि जनतालाई लागेछ राष्ट्रिय सभा पनि भङ्ग भयो भन्ने र यसलाई कमसेकम यो संघीय सदनका दुइटा सदनमध्ये यो एउटा सदन राष्ट्रिय सभा, यो अभिछिन्न सभा हो र यो स्थायी सभा हो भन्ने कुरो जानकारीका लागि पनि हामीले यो सभा सञ्चालन गर्न आवश्यक थियो। र राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पनि नेपालमा संविधान अलि अलि चिथोरिएको हो र सबै संविधान मरिसकेको छैन भन्ने कुरा पनि हामीले जानकारी दिन आवश्यक थियो। यही सिलसिलामा जुन हामी सबैले पनि आवाज उठायौ र हाम्रो सम्माननीय अध्यक्ष, उपाध्यक्ष र सचिवालय लागेर निवर्तमान सभामुख सबैले आवाज उठाएर बनाउन, लबिङ्ग गरेर वर्तमान प्रधानमन्त्रीसँग यो सदन आह्वान गर्नका निम्ति जुन खालको भूमिका निर्वाह गर्नुभयो र राष्ट्रपतिले यो सभा आह्वान गर्नुभयो र आज हामीले थोरै तीनै भए पनि जनताका समस्याका बारेमा आवाज उठाउने र विगतको सानो मसिनो समीक्षा गर्ने एउटा थलो हामीले जीवित भएको जानकारी दिन पाएका छौं र यो जुन खालको अराजकताको स्थिति सिर्जना गराउनेहरू प्रति नेपाली जनताहरू सचेत हुनेछन् र आगामी निर्वाचनमा सिद्धान्त पनि नभएको, सङ्गठन पनि नभएको बेवारिस यस्तो स्टन्टबाजी गर्ने व्यक्तिहरू भन्दा व्यवस्थित भएर अगाडि बढिरहेका, योगदान गरेका आफ्ना थुप्रै शहीदहरूले आहुति दिएर प्राप्त भएको यो जुन खालको प्राप्त गरेको संविधान छ, यो संविधानलाई जीवित राख्न, निरन्तरता दिन यहाँ भएका कमी कमजोरी र प्रवृत्तिलाई विरोध गर्ने, सच्याउने र राम्रा कुराहरूलाई कायम राखेर अगाडि बढ्न र देशको विकास गर्न र आवश्यक कानुनहरू संशोधन गर्न फेरी पनि जनताका प्रतिनिधिहरू चाहिन्छन्। र जनताले अब यो चुनावमा आफ्ना नेताहरूलाई प्रवृत्ति सच्याउने सुझाव दिँदै यो व्यवस्थाको सुरक्षा गर्नका निम्ति सबैले नेपाली जनताले एकदम सोच विचार गरेर मतदान गर्नु हुनेछ भन्ने म हार्दिक अनुरोध पनि गर्दै र अब यहाँ समस्याहरू थुप्रै छन् ती समस्याहरूको बारेमा साझा ढङ्गले (.....समय सकिएको।)

(१४:११ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य भुवन बहादुर सुनार। समय १२ मिनेट। यसपछि माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१४:११ बजे) **<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रिय सभाको १९औं अधिवेशन सुरु भइ रहेको छ। यो हाम्रो लागि

धेरै खुसीको कुरा हो। नेपालीहरूको लागि धेरै खुसीको कुरो हो। किन त भन्दा हिजो यो सांसदहरू संसद विघटन भयो भन्ने एउटा हुइम चलेको थियो। र यो हाम्रो ….. होइन भन्ने कुरो थियो तर पनि आम जनताको बुझाइमा अहिले नेपालमा संसद छैन। जुन किसिमको बुझाई थियो र यो बुझाइलाई जसरी सम्माननीय अध्यक्षज्यू, सचिवालय लगायत सबैको पहल प्रयास र अहिलेको सरकारको सकारात्मक बुझाइले गर्दा राष्ट्रिय सभा सुरु भएको छ। यो सुरु भइसकेपछि यो राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा पनि नेपालमा राष्ट्रिय सभा छ, सबै संसद् जम्मै भङ्ग भएको होइन भन्ने सन्देश गइरहेको छ। यो खुसीको कुरा हो। किन त भन्दा जनताको आवाज मुखरित गर्ने सबै संस्थाहरू ध्वस्त भए भन्ने बुझाइलाई यसले राम्रै चिरेको छ। र अब, जब यो जनताको आवाज बुलन्द गर्ने संस्था जीवित रहेछ र यहाँ हाम्रा कुराहरू उठ्छन्, हाम्रा कुराहरूलाई सुनाएर राज्यको ध्यानाकर्षण हुन्छ भन्ने जुन किसिमको बुझाइका साथसाथै हाम्रो भूमिका त्यही रहनेछ।

तर विडम्बना देश झन् पछि झन् सङ्कट तिर पो गइराखेको छ। किनभने यसले यो नयाँ गतिविधिले यी देशमा भएको सङ्कटहरूको समाधान गर्ला र यसले राम्रो बाटो फुकाउला भन्ने जुन सोच थियो तर अहिले हेर्दा खेरिमा झन् संकट तिर जाँदै छ, झन् यता विकृति तिर जाँदै छ कि भन्ने प्रश्नहरू उठेका छन्। हुन पनि के भयो त भन्दा राज्य व्यवस्थाका तिन अभिन्न अङ्गहरू कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका हुन्। यीनै संस्थाहरूले राम्रोसँग काम गरिदिए भने बल्ल सुशासन हुने हो, बल्ल देश एउटा लयमा जाने हो। तर व्यवस्थापिका संसदले कार्यपालिकाको गठन विघटन गर्न सक्ने, खबरदारी गर्न सक्ने, स्वेच्छाचारितालाई रोक्न सक्ने। त्यस्तै व्यवस्थापिकाले जसरी कार्यपालिकालाई स्वेछाचारी हुन दिँदैन भन्ने छ। त्यस्तै न्यायपालिकालाई पनि स्वतन्त्र न्यायपालिका हुँदा हुँदै पनि व्यवस्थापिकाले सुनुवाइ गर्ने, महाअभियोग लगाउन सकिने यी प्रावधान हाम्रो संवैधानिक प्रावधानहरू हुन्। तर जुन बेला देखि सुशासनको ठाउँमा कुशासन हुँदै भ्रष्टाचार र ब्यतिथि मौलाउँछ, न्यायपालिकाले सरकारलाई चलाउन खोज्नु, त्यस्तै विभिन्न आदेश जारी गरी काममा व्यवधान खडा गर्ने, सरकार संसदलाई रबर स्टेम बनाउन खोज्ने, नियन्त्रणमा राख्न खोज्ने, यी अहिलेका अवस्थाहरू हुन्।

संसदबाट पारित योजना सरकारले आफू खुशी काट्न सक्ने हुन सक्दैन थियो। संसदले बनाएका योजनाहरू, संसदले विनियोजन गर्न लगाएका योजनाहरू, कार्यक्रमहरू सरकारले आफू खुशी रोक्का गर्ने, काट्ने जुन किसिमको गतिविधि भइरहेको छ नि, यसले के हुन्छ त भन्दा सरकार स्वेच्छाचारी बन्न खोज्यो। यो सरकारको यति ठूलो काम त गर्न नहुने थियो। यो सरकार त देशमा सुशासन कायम गर्दै

निर्वाचन सम्पन्न गर्ने थियो। हामीलाई लाग्छ सरकारले एउटा बाटोमा गइरहेको छ, निर्वाचन हुन्छ, अब निर्वाचन हुँदैन भन्ने प्रश्न उठ्दैन। किन त भन्दा एक महिना वरिपरि नै छ अब चुनाव हुनलाई। मान्छेले अझै हुईम खडा गरेकै छ, चुनाव हुँदैन, संसद पुर्नस्थापन हुन्छ जो भनिराखेको छ। यो भनाइ खास गरेर ठिक भनाइ होइन, ठिक ठाउँबाट आएको भनाइ होइन। र यस्तो अवस्थामा संसदमा उठेका विषयहरू, संसद् र समितिले दिएका निर्देशनहरू सरकारले पालन गर्नुपर्ने हो। यो पालना गरेको देखिँदैन। र सरकारको नीति, विधि, निर्णयहरू कहाँबाट चलिरहेका छन् भन्ने नै थाहा छैन। बाहिर चर्चा छ सरकार तस्करहरूले चलाएका छन्, बिचौलियाहरूले चलाएका छन् कि, यता बाहिरबाट चलेको छ कि भन्ने किसिमका आशङ्काहरू पैदा भइरहेका छन्।

त्यसकै अलि उदाहरण भनौं कुन डिजाइन र कुन सेटिङमा भइरहेको छ भन्ने कुराहरू अहिले अनौठो भइरहेको छ, जस्तै जीबी, रवि र छविका मुद्दाहरू। ती मुद्दाहरू लगायतका ५० जनाको मुद्दाका अभियोग पत्रहरू छन् नि, ती अभियोग पत्रहरू जसरी सहकारी, सम्पत्ति शुद्धीकरण, सङ्गठित अपराध जस्ता मुद्दाको अभियोग पत्र नै संशोधन गरी के गर्न खोजिएको हो ? शङ्का छ मान्छेमा। यी जम्मै मुद्दा फिर्ता लीन खोजिएको पो हो कि ? माफी दिन पो खोजिएको हो कि सरकारले ? भन्ने किसिमका मान्छेमा यस्ता दुबिधाहरू पैदा भएका छन्। यो किसिमको चर्चा परिचर्चा भएको छ। यो किन भइ राखेको छ ? हिजो के कारणले थुनामा राखियो ? फेरि के कारण भयो? के कुरा भएर फेरि छोडिएको छ ? त्यसले गर्दा, यी गतिविधिले गर्दा राम्रो सन्देश गएको छैन। अझ हाम्रो गाउँतिर भन्ने गर्छन् “जुन जोगी आए पनि कानै चिरेका” भन्छन्। मलाइ जहाँसम्म यो के भनेको होला भन्ने लाग्थ्यो मलाइ। अब अहिले यो सरकारको अवस्था त्यस्तै देखिएको छ। यो सरकारले सुशासन, भ्रष्टाचार र ब्यतिथिको अन्त्य गर्ने। यस्तो राम्रो नारा लिएर अगाडि बढेको थियो तर यो होइन भन्ने अवस्था सृजना भएको छ। अब यसलाई सरकाले कसरी डिफेन्स गर्ने हो भने आफै उदाहरण बनेर डिफेन्स गर्नुपऱ्यो नि। अहिले बढी चर्चा भएका विषयहरू, अहिले यत्रातत्रा भएका कुराहरू। यो डोलमा लगायतका कम्पनीहरूको विषय उठेको छ। जस्तै ठूलो कर छुट सुविधा दिने, लाभकर नतिरी सबै मुनाफा विदेश अथवा मोरिसस लैजाने सरकारले निर्णय गर्छ, राजस्व घाटा गराउने, संविधान र कानुनको मर्म विपरीत किन गरिरहेको छ ? किन यस्तो भइरहेको छ ? यस्तो हुनुको कारण के हो ? र यस्तो गर्ने निकाय किन यस्तो यो जो न्याय दिने ठाउँमा जो यस्तो वास्तविकलाई नै ढाँकछोप गर्ने जुन किसिमको यस्ता गलत मनसायहरू छन् नि। यस्तो मनसाय गर्ने ठाउँलाई, संस्थाहरूलाई, व्यक्तिलाई छानबिन गर्नुपर्ने, कारबाही गर्नुपर्ने यो

सरकारको जिम्मा हो। तर सरकार यो विषयमा हामीले मौन नै बसेको सुन्छौ, देख्छौ, खासै अर्को देखिन्न।

यति मात्रै का हो र, अर्को पनि हामीले सुनेका छौं, अहिले बढि चर्चा छ। सरकारले किन कारवाहि गर्दैन ? सरकार किन मौन बसेको छ ? भन्ने भइराखेको छ। जस्तै किशोरीहरूको डिम्ब तस्कर गर्ने गिरोहरूलाई संरक्षण गर्ने हो कि तिनिहरूलाई छानबिन गरेर कारबाही गर्ने हो। यो विषयमा पनि सरकारको भूमिका देखिएको छैन। र सरकारले छोटो समयमा राम्रो काम गरेर फेरि पनि त्यी सरकारमा आइ दिए हुन्थ्यो भनि देखाएर जाने कि यो सरकार झन् बदनाम भएर हिजो राम्रो काम गरेन यो पुरानो सरकारले भनेका थिए। नयाँ सरकारले त राम्रो काम गरेर देखाउनु पर्ने थियो। झन् यो सरकार पनि उस्तै, उई अवस्था भन्दा झन् बेठिक गर्‍यो कि। यति छोटो समयमा यति धेरै बदनाम हुनु ठिक होइन। र यस्तो अवस्था नभइकन सरकार जनभावना अनुसार, जनइच्छा अनुसार चल्नुपर्ने। काम गर्नुपर्ने। जनताले जुन अपेक्षा गरेका छन्, त्यो अपेक्षा देखिएको छैन। र त्यो अपेक्षा अनुसार यो सरकारले काम गर्दियोस् भन्ने अपेक्षा राख्दै भोलिका दिनहरूमा हामीले यो सरकारलाई, जब चुनाव पछिको नयाँ सरकार आउँला त्यसले पनि यो सरकारलाई पुरस्कृत गर्दै यो सरकारलाई बधाई दिँदै जाने किसिमको काम गरोस् भन्ने भनाइ राख्दै मेरो छोटो भनाइ यही सक्छु। हस् धन्यवाद।

(१४:२२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य बिष्णु कुमारी सापकोटा। समय ११ मिनेट। यसपछि माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१४:२३ बजे) **माननीय श्री बिष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, १८औं अधिवेशन अकल्पनीय घटनाको अवस्थामा आफै समापन भएको थियो। जसलाई प्रत्यक्ष दर्शिका रूपमा आफ्नै आँखा अगाडि देशका भविष्यका कर्णधार जेनजी पुस्ताका भाइबहिनीहरू ढलिरहँदा, आफै बस्ने संसद भवन जलिरहँदाको दृश्यमा आवाज विहीनको अवस्थामा आफूलाई पाउँदा आज पनि त्यो पीडाले मन पोलिरहन्छ, मन रोइरहन्छ। शान्तिका अग्रदूत भगवान बुद्धको जन्मथलो भएको नेपालमा यस्ता कार्यहरूले नेपाल र नेपालीहरूको शिर झुकेको छ। तथापि लामो समयको अन्तरालमा टुटेका मनहरूलाई जोड्दै, जलेका भौतिक संरचनाहरूलाई मिलाउँदै, नागरिकका आवाज बोल्ने र सुनाउने संवैधानिक अङ्ग व्यवस्थापिका संघीय संसद, राष्ट्रिय सभाको १९औं अधिवेशन सुरु गर्न सफल भएकोले

हामी गुम्सिएका आवाजहरूलाई बोल्न पाएका छौं, यसको लागि हामी सबैलाई बधाई छ, शुभकामना छ। सम्माननीय अध्यक्षज्यू, यसै बीचमा सुदूरपश्चिमबाट प्रजातान्त्रिक योद्धाको रूपमा उदाएका राष्ट्रिय सभा सदस्य माननीय स्वर्गीय बलदेव बोहराज्यूलाई गुमाएका छौं, उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

यसैगरी देशमा मौलाउँदै गइरहेको चरम भ्रष्टाचार, बेरोजगार र कमजोर सुशासनका विरुद्ध र देश-विदेश संसारभरिको सूचना प्रवाह गर्दै आएको सामाजिक सञ्जाल अप्रत्याशित रूपमा बन्द गर्दै गर्दा गाउँदेखि शहरसम्म आक्रोश र पीडाले ग्रस्त जेनजी पुस्ताको विद्रोह एक्कासि सडकमा विस्फोट भएसँगै उनीहरूको शान्तिपूर्ण आन्दोलनको मौका छोपेर धमिलो पानीमा माछा मार्ने काम भयो। स्कूल र कलेजका ड्रेससँगै आफ्ना आवाजहरू प्रस्तुत गर्दै गर्दा सहाजात प्राप्त गर्ने ती कलिला भाइबहिनीहरूको चिर शान्ति र अमरत्वको कामना गर्दै हार्दिक श्रद्धासुमन प्रकट गर्दछु। सन्तान गुमाएका शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्न चाहन्छु। घाइते भाइबहिनीहरूलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु। सम्माननीय अध्यक्षज्यू, भाद्र २३ गतेको जेनजी पुस्ताको माग वास्तवमा जायज थियो। शान्तिपूर्ण आन्दोलनबाट उनीहरूले देशलाई भ्रष्टाचारमुक्त गर, रोजगारका लागि विदेशमा पलायन हुने युवा शक्तिलाई स्वदेशमै रोजगारको व्यवस्था गर, नागरिकका दैनिक सेवाहरूलाई झन्झटिला होइन सरल र सहज गर, सुशासन कायम गर, नयाँ नयाँ प्रविधि र टेक्नोलोजीको सही सदुपयोग गर र व्यापक गर भन्नु के नराम्रो थियो र ? उनीहरूले लामो समयसम्म शासन सत्तामा रहेका केही शीर्ष नेताहरूलाई मात्र खबरदारी गरेका थिए। कसैले पनि कसैको घर, कुनै नेताको घर जलाउनुपर्छ र कोही नेतालाई पिट्नु पर्छ भनेका थिएनन्। संविधानमा लेखिएका कुराहरू कार्यान्वयन गर, संसद विघटन र पुनर्गठन गर भनेका थिएनन्। व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकालाई चुस्त र दुरुस्त बनाऊ र व्यवस्थित गर, विभेदकारि नगर भनेका थिए। ऐतिहासिक दस्तावेजसहितका भवनहरूलाई जलाउन त भनेका थिएनन् नि, तर यो किन र कसरी भयो ? आज पनि यी कुराहरू शङ्कास्पद नै छन्।

सम्माननीय अध्यक्षज्यू, आज देश कतातिर जाँदैछ ? यो देश कसले चलाएको छ ? कहाँ बसेर कसले चलाएको छ ? हाम्रो देशको सीआईबीले के हेरेर बसेको छ ? के हाम्रो देशको शान्ति सुरक्षा निरीह नै हो, निरीह नै भएको हो त ? कहाँ थिए नेपाली सेना ? सेनापतिको नायक राष्ट्रपतिको शीतल निवासमा दनदनती आगो बल्दै गर्दा सेनाले किन टुलुटुलु हेरेर बसे ? आफ्नै अगाडि जथाभाबी

गोली चलाएर स्कूल र कलेजका ड्रेससहितका ती कलिला जेनजीहरूलाई मार्दै गर्दा रोक्न किन सकेन? आफ्नै दैला अगाडिको न्यायालय जल्दा निभाउन किन सकेन ? नकाबधारी जत्थाहरू सिंहदरबारको गेटबाट सहज रूपमा भित्र छिर्दै गर्दा रोक्न किन सकेन ? कि आज पनि हामी हाम्रो सरकार अनविज्ञ हुनु यो देशकै दुर्भाग्य हो। आज संसारभरि वीर गोर्खालीको बहादुरीताको परिचयले विश्व प्रख्यात नाम के आज साँच्चिकै मूकदर्शी र निरीह भएको हो त ? प्रश्न जटिल छन् तर पनि सरकार मौन छ। सम्माननीय अध्यक्षज्यू, म भन्छु भाद्र २३ गतेको आन्दोलन जेनजी पुस्ताको जायज मागसहितको स्वाभाविक थियो। तर भाद्र २४ गतेको विध्वंसकारीहरूको पराकाष्ठा कायरता देश द्रोही थियो। देशको विषम परिस्थितिलाई खतराबाट बाहिर ल्याउनका लागि र आँधीबेरीकै रूपमा दन्किएको आगो निभाउनका लागि सम्माननीय राष्ट्रपतिले आफ्नो जिउज्यानको बाजी लगाएर जुन भूमिका निर्वाह गर्नुभयो, नागरिकले बनाएको संविधान जोगाउने प्रयास गर्नुभयो, चाहे त्यो असंवैधानिक निर्णय नै किन नहोस्।

जसरी २०३३ सालमा आफू माथि लगाइएका राजद्रोहीका मुद्दाहरू, ज्यान लिने मुद्दाहरूलाई पनि थाती राख्दै राष्ट्र र राष्ट्रियताका लागि आफूलाई सुम्पिँदै महामानव बीपी कोइरालाले राष्ट्रियताका सवालमा देश द्रोही भनेर देश निकाला गर्ने स्वयम् राजासँग राष्ट्रियताको लागि राजाको घाटी र मेरो घाटी एउटै हो भनेर जोखिम मोल्नु भएको थियो। सम्माननीय अध्यक्षज्यू, जेनजी पुस्ताको भावना र सम्मानका लागि बनेको सरकारका केही मन्त्रीज्यूहरू एकाएक आफूहरूलाई स्वतन्त्र व्यक्तिका रूपमा साबित गर्दै जेनजीको भावनासँग जोडिएको बाहानामा यसै संविधानको सपथ खाएर नागरिकको सरकारमा मन्त्रीका कुर्सीमा आशिन हुनुभयो। जब मन्त्रीको आशिन भए पछि उहाँहरुलाई कुर्सी र सत्ताको मोह वृद्धि हुँदै गएछ। अनि जेनजीको भावना विपरीत उहाँहरूको एउटै मात्रै रटान रह्यो, निर्वाचन। निर्वाचन गर्नुपर्छ। त्यही निर्वाचन मात्रै रटि राख्नु भयो। जब निर्वाचनको घोषणा भयो तब आफ्नो जिम्मेवारीता, कर्तव्य, नैतिकताबाट पन्छिँदै सरकार छोडेर अमुक पार्टीका झन्डाहरू बोकेर निर्वाचनको मैदानमा पुग्नु भएको छ। के अझै पनि नागरिकहरूले विश्वास र भरोसा गर्ने कुनै ठाउँ छ त ? तर पनि हामी नेपाली न हौं। तुरुन्तै आवेगमा आउने र आजलाई तुरुन्तै बिर्सि दिने।

सम्माननीय अध्यक्षज्यू, जुन कुराहरू हामीले सदनमा बारम्बार उठाउँदै आइरहेका थियौं। सरकारलाई सचेत गराउन खोजिरहेका थियौं। हाम्रा आवाजहरू थिए भ्रष्टाचारमुक्त समाजको सिर्जना, सुशासन र रोजगारमूलक अर्थ, आय आर्जनका लागि स्वदेशमै स-साना, मझौला उद्योगहरूको

संरचना, सञ्चालन, जडीबुटी प्रशोधन, कोदाको लोकल रक्सी ब्रान्डेड सिस्नु, गाँजा जस्ता धेरै जडीबुटीहरू। तिनिहरूलाई प्रशोधन र नीति नियममा ढालेर साना, मझौला उद्योगहरू कुटीर उद्योगका रूपमा तिनिहरूलाई स्थापित गर्ने र नागरिकहरूलाई रोजगार दिलाउनु पर्छ भनेर नीति निर्माणसहितको व्यापार, बिजनेस, मुस्कानसहितको सेवा र सम्मानसहितको काम। तर त्यी आवाजहरू क्यामेराको पर्दामा र दस्तावेज पुस्तिकामा मात्र लिपिबद्ध र सीमित रहे। जसका कारण आज विश्व अन्य राष्ट्रबाट चन्दा, सहयोग र ऋण मागेर बनाइएका भौतिक संरचनाहरू खरानीमा परिणत भए। ठूलो जनधनको क्षति भयो। आखिर जेनजीको माग पनि त यो भन्दा ठूलो केही थिएन। सम्माननीय अध्यक्षज्यू, साना मान्छे र साना कुराहरूलाई ध्यान नदिँदा आज देशमा दुर्घटना भएको छ। आज चुनावमा होमिँदै गर्दा पनि नागरिक ढुक्क हुन नसकेको अवस्था छ। एकातिर जेलबाट भागेका फरार कैदीहरू कारागारमा फर्किएको अवस्था छैन। लुटिएका हातहतियारहरू सबै समातिएका छैनन्। सङ्गठित अपराधहरू दिन प्रतिदिन वृद्धि भइ राखेका छन्। चोरी, डकैती, बलात्कारी, ठगी (.....समय सकिएको।)

(१४:३४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी। समय १२ मिनेट।

(१४:३५ बजे) **<u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको १९औं अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। त्यसैगरी राष्ट्रिय सभाका सदस्य, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका पनि सदस्य माननीय बलदेव बोहरा प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, भाद्र २३ र २४ गतेको परि घटनाबाट उत्पन्न विशेष परिस्थितिमा देश अहिले मध्यावधि निर्वाचनमा होमिएको छ। यो स्थिति उत्पन्न हुनका पछाडिका कारक तत्हरू बारे हामी सबै जानकार छौं। हामीले संविधान बनायौ। संविधानमा सबै वर्ग, उत्पीडित, जात-जाति, भाषा-भाषी, क्षेत्र, लिङ्ग, सीमान्तकृत, अल्पसङ्ख्यक सबै उत्पीडित वर्ग समुदायहरूको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार, राजनीति अधिकारको सुनिश्चितता सँगै यी अधिकारहरू पनि मौलिक हकका रूपमा संस्थागत गर्यौं। मौलिक हकको रूपमा शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य, सम्प्रभुता र आवासको हक सम्म हामीले

मौलिक हकमा व्यवस्थापन गऱ्यौं। संविधानले व्यवस्था गरेको मौलिक हकको पूर्ण कार्यान्वयन बिना जनताले आफ्नो अवस्था बदलिएको अनुभूत गर्न सक्दैन थियो र एक हदसम्म राजनीति रूपमा जुन अधिकार सुनिश्चितता भयो तर आर्थिक रूपले जनताको जनजीवन बदलिन सकेन त्यसको अनुभूति जनताले गर्न थाले। संविधान घोषणा गर्दा तीन वर्ष भित्र सबै कानुन बनाउने प्रतिबद्धता थियो। समयमै हामीले कानुन बनाउन नसकेको यथार्थलाई पनि जनताले मध्यनजर गऱ्यो। निर्देशक सिद्धान्त मौलिक हकसँग सम्बन्धित संघीय शिक्षा ऐन, संघीय प्रहरी समायोजन ऐन, संघीय कर्मचारी ऐन लगायतका २०० भन्दा बढी ऐन अझै बन्न बाँकी छ। कुरा सुशासनको गर्ने भ्रष्टाचार गर्दिन र भ्रष्टाचार सहन्न भन्ने ..... हामीले भित्तामा झुण्डायौ। तर जीवन व्यवहारमा त्यस्तो हुन सकेन। जनताले त्यसरी व्यवहारमा शून्य सहनशीलताको अनुभूति गर्न सकेन। त्यसैगरी यही प्रक्रियामा बालुवाटार, बाँसवारि, त्रिभुवन विश्वविद्यालय जग्गा हिनामिना प्रकरण, नक्कली भुटानी शरणार्थी, यति ओम्नी प्रकरण जस्ता घटनाहरूले जनतामा निराशा र आक्रोशको मात्रा बढ्दै गयो। पछिल्लो पटक कमरेड प्रचण्डको नेतृत्वमा १८ महिने सरकार बने यता सुशासन, सदाचार कायम गर्ने, जन जीविकाका आवश्यकताहरू पुरा गर्ने काम अलि रचनात्मक ढङ्गले अगाडि बढ्यो। यो यथार्थलाई पनि नेपाली जनताले हेऱ्यो। दोषीहरू कसैलाई नछोड्ने, निर्दोषीहरू कसैलाई नछुने नीति अनुसार दर्जनौं उच्च पदमा पुगेका मन्त्री, कर्मचारी, अफिसरहरू छानबिनको प्रक्रियामा तानिए। सयौं भ्रष्टाचारका फाइलहरू खुले। त्यसले आम जनतामा सुशासन कायम हुने प्रति एउटा विश्वास र आशा जागरण ल्यायो। बेचन झाको गिरफ्तारीसँगै दल दलका उच्च नेता तहमा नै सुई घुम्ने भयले रातारात त्यो प्रचण्ड नेतृत्वको सरकार ढलेको कुरालाई पनि जनताले गहिरोसँग हेरे, अनुभूति गरे।

सम्माननीय अध्यक्ष महोदय, आन्दोलन भन्दा अगाडी ने.क.पा. एमालेका नेता के.पी. शर्मा ओलीको नेतृत्वमा एमाले काङ्ग्रेसको गठबन्धन सरकार जुन प्रक्रियाबाट जुन प्रतिबद्धताका साथ बन्यो। मुलुकलाई स्थिरता दिने, सुशासन कायम गर्ने, भ्रष्टाचारलाई शून्य सहनशीलतामा पुऱ्याउने, सबै जनताका आवश्यकता पुरा गर्ने, स्थायित्व दिने भनेर गरेको एक वर्षको सरकारको क्रियाकलापले जनतामा थप आक्रोश र अलि यता पलाएको आशा पनि पूर्ण निराशा तिर बदल्दै लाने प्रक्रिया भयो। त्यसकै अभिव्यक्तिको रूपमा जब सामाजिक सञ्जाल माथि प्रतिबन्ध लगाइयो। सामाजिक सञ्जालमा बोल्ने ठाउँ, एउटै मात्र त्यो युवाहरूको बढ्दो पलायनता देखि लिएर गएर विभिन्न कुराहरूमा असन्तुष्ट सामाजिक सञ्जालमा जाहेर भइराखेको थियो। जब सामाजिक सञ्जाल बन्द भयो त्यसपछि गएर युवाहरूले जेनजीहरूले २३ गते तीन वटा कुराहरू उठाए। खासगरी सुशासनको पक्षमा, सामाजिक सञ्जालको

प्रतिबन्ध फुकुवाको पक्षमा र स्थायित्वको लागि यो मुलुक एकचोटी कार्यकारिणी तिर लाने यो बहस सुरुवात हुनुपर्छ भन्ने कुरा जेनजीहरूका मूल २३ गतेको भावना थियो। त्यो २३ गतेको जेनजी आन्दोलनको भावना र त्यो माग र मुद्दा, न त संविधान विरोधी थियो, न त व्यवस्था विरोधी थियो, न त कुनै देशलाई दुर्घटनामा पुऱ्याउने सोचमा आधारित थियो। त्यो थियो त एक सहि अपेक्षा थियो तर सरकारले त्यसलाई गहिरो सँग हेरेन, आत्मबोध गरेन। के भित्र भित्रै के पाक्दैछ भन्ने कुरा सरकारले त्यति अनुभूति गरेन, तत्कालीन सरकारले। र निर्दोष ती निहत्था विद्यार्थी माथि २३ जना विद्यार्थीको हत्या भयो। एकैचोटी त्यहाँ पेनिटेसन, घुसपैट यी इत्यादि कुराहरू सरकारको सूचनामा रहेन। सरकार कस्तो हुन्छ आन्दोलन भन्ने कुरा बेखबर रह्यो र एकैचोटी कमान्डोलाई प्रयोग गर्नु पर्ने स्थिति आयो। कमान्डोले ताकेर घुँडा भन्दा मुनि गोली हान्दैन। कमान्डोले छातीमै ताकेर गोली हान्ने हो, त्यो हामीले घटना हामीले पनि त्यो दिन देख्यौ संसद भवन भित्रबाट।

र जब २४ गतेको लागि एउटा आम आक्रोशको वातावरण बन्यो त्यसैमा विभिन्न स्वार्थ बोकेका देशी, विदेशी जो यो मुलुकलाई अस्थिरता र अराजकतामा लाने, यो मुलुकलाई फेलर गर्ने र आफ्ना स्वार्थ सिद्ध गर्ने तत्वहरूले २४ गतेको आन्दोलनमा एउटा घुसपैटद्वारा राज्यलाई पूर्ण असफल पार्ने गरि कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका सबै संरचनाहरू जलाइयो र राष्ट्रिय सम्पत्ति माथि ठूलो क्षति तपाईको पुऱ्याइयो र त्यति मात्रै होइन दलका कार्यालयहरू, व्यवसायिक भवनहरू देखि लिएर गएर राजनीति दलका नेताहरूको घर सम्म जलाउने काम भयो। यो दुर्भाग्य र जसको कारण २३ गते सरकारले २३ गतेको मनोविज्ञानलाई बुझेर त्यति बेलाका पूर्व प्रधानमन्त्री र गृहमन्त्रीले त्यो दिन बेलुका राजीनामा दिएको भए २४ गते त्यो घटना सृजना हुँदैन थियो कि भन्ने कुरा आज आम सर्वत्र बुझाइको पक्ष हो। र भाद्र २३ गतेको नवयुवा जेनजीहरूले उठाएका विषयहरू जब २४ गतेको विध्वंसकारी घटना पछि उत्पन्न देशको परिस्थितिमा संविधान जोगाउनु पहिलो प्राथमिकता थियो। संविधान जोगाउनको लागि सम्माननीय राष्ट्रपतिज्यूले खेल्नु भएको भूमिका र तत्कालीन दलका हिसाबबाट अहिले नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्प कमल दाहाल "प्रचण्ड" र माधव नेपाल लगायतका अरू नेताहरूले खेल्नु भएको भूमिका सराहनीय छ र आज हामी संविधान एउटा डिलैमा रहेको संविधानलाई जोगाउनको लागि सरकार अहिले निर्वाचन, यो पछि बनेको सरकार जसको दायित्व निर्वाचन गराउनु थियो यो सरकारलाई म धन्यवाद यस अर्थमा दिन चाहन्छु कि यो सरकार निर्वाचन गराउनको लागि प्रतिबद्ध छ र आजसम्म आउँदा खेरिमा निर्वाचनको माहोल पनि बन्दै गइराखेको छ। र म सरकारलाई यो पनि ध्यानाकर्षण गर्न चाहन्छु, अहिलेको सरकारले जेनजी आन्दोलनको अपेक्षा

अनुसारको सरकार त यो पनि भएन। न त त्यो युवाहरू नै सरकारको नेतृत्वमा पुगे नवयुवाहरू। न त हिजोका छानबिनमा परेका भ्रष्टाचारका फाइलहरू जो पछिल्लो के.पी. ओली नेतृत्व सरकारले बन्द गरेको थियो। अहिले तीनै कतिपय भ्रष्टहरूले उन्मुक्ति पाउने गरि यो सरकारले पनि काम गरिराखेको छ। फेरी पनि म यो सरकारको मूल दायित्व निर्वाचन गराउनु भएको र निर्वाचन प्रति सरकार प्रतिबद्ध भएकोले म सरकारको धेरै टिप्पणी गर्न चाहन्न।

सम्माननीय अध्यक्ष महोदय, म सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु, यो चुनावमा सबैको चासो छ। चुनाव गराउने दायित्व सरकारको हो। चुनावको वातावरण बनाउने दलको दायित्व हो। आज राष्ट्रिय माहोल बनेको छ। यो निर्वाचनमा सबै राष्ट्रिय अन्तरराष्ट्रिय चासो छ र यो अर्थमा  यो चुनाव निष्पक्ष, धाँधली रहित र भय रहित वातावरणमा शान्तिपूर्ण ढङ्गले सम्पन्न गर्नको लागि सरकारले राम्रो सँग तयारी अगाडी बढाओस् भन्न चाहन्छु र साथ साथै अहिले नेपाली जनतालाई म के यो रोस्टमबाट आह्वान गर्छु भने तपाइहरूले कुनै एजेन्डा, नारा, कुनै मौलिकता त्याग समर्पण भएकाहरूलाई होइन, मतदान होइन। तपाइहरूले यो व्यवस्था ल्याउनको लागि बलिदान गर्ने, यो अवस्था चेन्ज गर्न बलिदान गर्ने र अहिलेको अवस्था चेन्ज गर्नको लागि व्यवस्था बदल्ने र अहिलेको अवस्था बदल्नको लागि भूमिका निर्वाह गर्ने, संविधानको रक्षा गर्ने, लोकतन्त्रलाई सुदृढ गर्ने, सामाजिक न्याय समृद्धि विकास सहित र भ्रष्टाचारको अन्त्य गर्दै यो मुलुकलाई समाजवादको दिशामा अगाडि लिएर जाने अग्रगामी शक्ति छ। यो मुलुकमा जलेन्सी जन्माउने प्रवृत्तिबाट तपाईको जोगिदैं र हामीले त्यस्ता प्रवृत्ति सबै खाले प्रवृत्तिबाट लड्ने र यो मुलुकलाई सहि दिशामा लिएर जाने जो पार्टीहरू छ र त्यसलाई मतदान गर्न म आदरणीय जनसमुदायलाई पनि यहाँबाट बाट अपिल गर्न चाहन्छु। कुनै हामी भ्रममा नपरौं र अहिले यो मुलुकलाई पहिलो कुरो संविधानको रक्षा गर्नु र अहिले संविधानले निर्दिष्ट गरेका विषयहरू कानुनमा परिणत गर्नु र छिटो भन्दा छिटो जनतालाई रोजगार दिनु, शिक्षा, स्वास्थ्यमा सुधार गर्नु र संघीयतालाई सबलीकरण गर्नु, तीनै तहका सरकारलाई सुदृढ गरेर लाने दायित्व जो हाम्रो काँधमा छ। यो जिम्मेवारी पुरा गर्नको लागि अब आउने निर्वाचित सरकारले त्यो भूमिका निर्वाह गर्नेछ। जेनजी युवाहरूको, नवयुवाहरूको अपेक्षा र मागलाई यसले सम्बोधन गर्नेछ। त्यो आधारबाट नै अगाडी बढ्नको लागि अहिले मुलुकको आवश्यकता हो म यीनै कुराहरू राख्दै आफ्नो संक्षिप्त भनाइ अन्त्य गर्छु धन्यवाद। अभिवादन।

(१४:४७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू, अब विकास आर्थिक मामिला तथा सुशासन समितिका माननीय सभापति कमला पन्तलाई विकास आर्थिक मामिला तथा सुशासन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:४७ बजे) **<u>माननीय विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति श्री कमला पन्त</u>**:- सम्माननीय अध्यक्षज्यू, नेपालको संविधानको धारा ९७ को उपधारा (१) र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४६ बमोजिम राष्ट्रिय सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन राष्ट्रिय सभा अन्तर्गत विषयगत समिति र विशेष समिति गठन गर्न सकिने व्यवस्था रहेको छ। राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (१) बमोजिम सरकारलाई सभाप्रति उत्तरदायी र जबाफदेही बनाउन सरकारबाट भय गरेका कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन गठित विषयगत समितिहरू मध्ये विकास, आर्थिक मामिला तथा सुशासन समिति एक स्थायी विषयगत समिति हो। सम्माननीय अध्यक्ष महोदय, यस समितिको कार्यक्षेत्र अन्तर्गत विकास योजना, आयोजना, दिगो विकास, समन्व्यायिक एवम् सन्तुलित विकास, लगानी, जनसङ्ख्या व्यवस्थापन, नेपालको अर्थ व्यवस्था, सार्वजनिक वित्त, पूर्व बजेट छलफल, शासकीय सुधार तथा सुशासन प्रवर्धन, सूचना प्रविधि तथा नवप्रवर्धन सम्बन्धी विषय र सम्बद्ध निकाय पर्दछ। सबै मन्त्रालय विभाग र सो अन्तर्गतका विकास आयोजना, दिगो विकास र सुशासन सम्बन्धी नीति, कार्यक्रम, योजना, बजेट, स्रोत परिचालन एवम् व्यवस्थापन सम्बन्धी क्रियाकलापको जानकारी लिइ यथोचित निर्णय गर्ने कार्य पनि समितिको कार्यक्षेत्रमा पर्दछ। समितिको कार्यक्षेत्र अनुसार वार्षिक कार्ययोजना तयार गरि समितिका काम कारबाही सञ्चालन भएका छन्। मिति २०८१ साल श्रावण १ गते देखि २०८२ साल असार मसान्त सम्म समितिबाट भएका काम कारबाही समेटेर समितिको वार्षिक प्रतिवेदन २०८१/०८२ तयार गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय, लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणको लागि अनिवार्य सर्त सुशासन रहेको र सुशासन प्रवर्धन मार्फत नै सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिने हुँदा राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गराउने तर्फ समिति क्रियाशिल हुनुपर्ने देखिन्छ। सरकारका हरेक विकास कार्यहरूलाई दिगो सन्तुलित र समावेशी बनाउन

समिति सदैव सक्रिय, तत्पर रही आएको छ। हाल विश्वव्यापी एजेन्डाको रूपमा रहेको दिगो विकास लक्ष्यको समयमा नै अपेक्षित उपलब्धि प्राप्त गर्न समितिले आवश्यक निर्देशन र समन्वय गर्ने एवम् सरकारको समस्त काम कारबाहीमा सुशासन प्रवर्धन को लागि निगरानी गर्दै आएको छ। हरेक विकासका कार्यलाई, सबै प्रदेश र स्थानीय तहलाई दिगो विकास लक्ष्यसँग आन्तरिकीकरण गराउन प्रदेशमा दिगो विकास लक्ष्यका सूचकहरूको अद्यावधिक गराउने, प्रदेशको बजेटमा एसडीजी कोडिङ गर्ने कार्यमा जिम्मेवार र सशक्त बनाउन दिगो विकास लक्ष्य सम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया कार्यान्वयन गरिएको छ। समितिबाट तयार गरिएको नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति अध्ययन तथा मुल्याङ्कन प्रतिवेदन, २०८० मा रहेका सिफारिसहरूको कार्यान्वयनको सम्बन्धमा निरन्तर अध्ययन, अनुगमन, छलफल एवम् निगरानी कार्यहरू समितिबाट भएका छन्।

सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता पूर्व बजेट, प्री-बजेटका सम्बन्धमा सुशासनको क्षेत्र, सामाजिक न्यायको क्षेत्र, दिगो विकास एवम् समृद्धिको क्षेत्रका विषयहरू निर्दिष्ट गरि बजेटमा समावेश गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ। सरकारले सभामा पेस गरिएका विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता सम्बन्धमा समितिले राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, विभिन्न क्षेत्रका विद्वान्, सरोकारवाला व्यक्ति, संस्था र समूह, सम्बन्धित निकाय, गैरसरकारी क्षेत्र, निजी तथा सहकारी क्षेत्रसँग छलफल गरी बजेट तर्जुमा सरकारलाई सिफारिसहरू गर्ने गरेको छ। समितिबाट दिएका सिफारिसहरू कार्यान्वयनमा ल्याउन र पूर्व बजेट छलफल प्रभावकारी बनाउन सरकारले सभामा पेस गर्ने विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता पर्याप्त समय दिएर पेस गर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ। सम्माननीय अध्यक्ष महोदय, संसदले र समितिले दिएका निर्देशनहरू जुन बजेट विनियोजन गर्ने बेलाका प्री-बजेट छलफल र विनियोजन गर्ने बेलाका निर्देशनहरू सरकारले नगन्ने मात्र सुन्दै आएको पनि म निवेदन गर्न चाहन्छु। १६औ योजना अनुसार बजेटमा कार्यक्रम समावेश गर्न, आयोजनालाई वर्गीकरण गरि प्राथमिकताका आधारमा विकास निर्माणका कार्यहरूलाई तीव्रता दिन, सडक पूर्वाधार तथा यातायात व्यवस्थालाई सुरक्षित व्यवस्थित गराउन, प्राकृतिक प्रकोप उत्थानशील पूर्वाधार तय गर्न, पुँजीगत खर्च बढाउने गरि जनशक्ति परिचालन र आवश्यक तयारी गरी समयमा नै आयोजना सम्पन्न गर्न समितिबाट मन्त्रालयलाई निर्देशन एवम् सोको निगरानी गर्दै आएको छ। मन्त्रालयको पुँजीगत बजेटको कार्य प्रगतिको छलफल गरी विकास बजेटको प्रभावकारी कार्यान्वयनको लागि निगरानी गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक समुदाय लगायतका सबै नागरिकलाई विकासका मूल प्रभावीकरण गर्न समेत समितिले निरन्तर सक्रिय भइ कार्य गरेको छ। राष्ट्रिय सभाबाट पारित भएका सङ्कल्प प्रस्तावहरूको कार्यान्वयनको नियमित रूपमा अनुगमन अध्ययन गरि सरकारको काम कारबाहीलाई समितिले नियमन गर्दै आवश्यक निर्देशन दिँदै निर्देशन गर्दै आएको छ। नेपालको संविधानको धारा ४० मा निर्दिष्ट दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ को कार्यान्वयनमा जोड दिनु आवश्यक देखिएको छ। समिति अन्तर्गत दिगो विकास उपसमिति, आर्थिक मामिला उपसमिति र सुशासन प्रवर्धन उपसमिति, सङ्कल्प प्रस्ताव कार्यान्वयन अनुगमन उपसमिति गठन गरि सो मार्फत तोकिएको कार्यक्षेत्रका विषयहरूमा गहन, विस्तृत अध्ययन, जाँचबुझ गरि समितिमा छलफल गरि समितिको काम कारबाही प्रभावकारी रूपमा सञ्चालन भएको छ। समितिबाट तयार गरि सभा समक्ष पेस गरिएको नेपालको अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति, एलडीसी ग्रेजुएसन सम्बन्धी अध्ययन प्रतिवेदन, २०८१ मा उल्लेखित सुझावहरू कार्यान्वयनका लागि सभाबाट नेपाल सरकारलाई निर्देशन भएको छ। हरेक वर्ष हुने विश्व जलवायु सम्मेलनमा नेपालको सहभागितालाई उपलब्धि मूलक बनाउन निरन्तर निगरानी गर्ने एवम् आवश्यक निर्देशन दिने र सम्मेलन पश्चात् समीक्षा गरि आगामी कार्यदिशा तयार गर्न सरकारको ध्यानाकर्षण गरिएको छ। दुखको कुरा सम्माननीय अध्यक्ष महोदय, त्यही समितिले त्यो सम्मेलनमा भाग लिन पाउँदैन, आफ्ना कुराहरू राख्न पाउँदैन। सरकारले यो कुरो थाहा पाउँदैन। खानेपानी सरसफाइ एवम् स्वच्छता सम्बन्धमा कृषकहरूलाई रासायनिक मलको सहज व्यवस्थापन, कृषि अनुदानलाई उत्पादन मूलक बनाउन कृषि जन्य वस्तुहरूको उत्पादन एवम् बजार व्यवस्थापन र रैथाने कृषि बालीको संरक्षण र विकास सम्बन्धमा सरकारको काम कारबाहीको बारेमा निगरानी गरिएको छ। जलवायु परिवर्तन लक्षित काम कारबाहीहरू प्रभावकारी बनाउने, जलवायु वित्तको प्राप्ति र उपयोगमा सरकारको ध्यानाकर्षण गराउने, सुशासन प्रवर्धनमा निरन्तर खबरदारी गर्ने, विपद् व्यवस्थापनमा सरोकारवाला निकायको ध्यानाकर्षण गराउन समितिको अग्रणी भूमिका रहेको छ।

सम्माननीय अध्यक्ष महोदय, लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणको लागि अनिवार्य सर्त रहेको सुशासन र यसको प्रवर्धन गर्न राष्ट्रिय सदाचार नीति जारी गर्न सरकारको ध्यानाकर्षण गराउनु पर्दछ। राष्ट्रिय सभा र यसका समितिहरूले संघीयता सबलीकरणको लागि संघीय तहहरू बीचमा पारस्परिक अन्तरसम्बन्ध, सहकार्य, समन्वय बढाउने एवम् संविधानमा उल्लेखसित तीनै तहको साझा

अधिकारहरूको सूचीको विषयहरूमा नीति, कानुन निर्माण गर्न जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिएको छ। समितिको कार्यक्षेत्र विस्तृत र व्यापक भएकोले समितिलाई विशिष्ट कार्यमा जोड दिन सकेको छैन। समितिको कार्यकाल दुई वर्ष हुने र समितिमा माननीय सदस्यहरू हेरफेर भइरहने अवस्थाले पनि समितिको काममा बाधा परिरहेको छ। समितिको कार्यलाई प्रभावकारी बनाउन भौतिक, प्राविधिक एवम् वित्तीय स्रोत साधनको कमी, समितिले दिएको निर्देशन कार्यान्वयनको जवाफदेहितामा सरकार क्रियाशिल नदेखिएको, निर्देशन कार्यान्वयनलाई बाध्यकारी बनाउने कानुनी नीति र संरचनागत संयन्त्रको अभाव रहेको लगायतका समस्याहरू महसुस गरिएका छन्। अन्त्यमा समितिको कार्यलाई निरन्तर मार्गनिर्देशक गर्नु हुने सम्माननीय अध्यक्षज्यू एवम् माननीय उपाध्यक्ष प्रति हार्दिक आभार व्यक्त गर्दछु। समितिको कार्यमा निरन्तर दत्त चित्तले खटिनु हुने समितिका माननीय सदस्यहरू, बैठकमा उपस्थित भइ हाम्रा कार्यलाई प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुर्‍याउनु हुने माननीय मन्त्रीहरू, राष्ट्रिय सभाका माननीय सदस्यहरू, प्रदेश सभाका माननीय सदस्यहरू, संघीय संसदका महासचिव, राष्ट्रिय सभाका सचिव, समितिका सचिव, नेपाल सरकारका कर्मचारीहरू, विषय विज्ञहरू, सचिवालयका कर्मचारीहरू, सुरक्षाकर्मी एवम् पत्रकार लगायत सबै सरोकारवालाहरू प्रति धन्यवाद ज्ञापन गर्दछु, आभार व्यक्त गर्दछु। सम्माननीय अध्यक्ष महोदय, अध्यक्षज्यूको अनुमतिले समितिको मिति २०८२ साल आश्विन ५ गतेको बैठकको निर्णय अनुसार राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ बमोजिम समितिको वार्षिक प्रतिवेदन २०८१/०८२ सम्मानित सभा समक्ष पेस गर्दछु। धन्यवाद।

(१४:५९ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू अब सार्वजनिक नीति तथा प्रत्यायोजित विधान समितिका माननीय सभापति माया प्रसाद शर्मालाई सार्वजनिक नीति तथा प्रत्यायोजित विधान समिति को आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँदछु।

(१५:०० बजे) **माननीय सार्वजनिक नीति तथा प्रत्यायोजित विधान समितिका सभापति श्री माया प्रसाद शर्मा**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले मिति २०८२ साल माघ ८ गतेको बैठकबाट समितिको छैठौं वार्षिक प्रतिवेदन २०८१/०८२ पारित गरी सभा समक्ष पेस गर्ने निर्णय गरेको छ। यस प्रतिवेदनमा समितिले वि.स. २०८१ श्रावण १

गतेदेखि २०८२ असार मसान्तसम्म गरेका कार्यहरू, छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू, स्थलगत अवलोकनहरू, समितिका बैठकका निर्णयहरू लगायतका आधारमा समितिले गरेका निर्णय तथा निर्देशनहरू र अन्य कार्यहरू समेतलाई समेटेर तयार गरेको छ।

सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम सम्मानित राष्ट्रिय सभाका सदस्य र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सदस्य माननीय बलदेव बोहोराको मिति २०८२ साल पुष ३० गते असामयिक निधन भएकोमा समिति शोकाकुल भएको छ। म समितिको तर्फबाट दिवंगत माननीय सदस्यप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन साथै सरकारलाई राष्ट्रिय सभा प्रति उत्तरदायी र जबाफदेही बनाउन, नेपाल सरकारका सार्वजनिक नीतिहरूको मूल्याङ्कन गर्न, प्रत्यायोजित विधायनहरूको अध्ययन गर्न, सरकारी आश्वासनहरूको अध्ययन गर्न र ऐतिहासिक एवम् पुरातात्त्विक सम्पदाहरू र राष्ट्रिय महत्वका दस्तावेजहरूको सम्बन्धमा अध्ययन अवलोकन गरी सरकारलाई आवश्यक निर्देशन तथा सुझावहरू उपलब्ध गराउनका साथै नेपाल सरकारले गरेका काम कारबाहीहरूको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ बमोजिम सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति गठन भएको हो। सभाले नेपाल सरकारका क्षेत्रगत नीतिको मस्यौदाको चरणमा नै छलफल गरी सुझाव दिने र जारी भएका क्षेत्रगत नीतिहरूको विश्लेषण र अनुगमन तथा मूल्याङ्कन गरी निर्देशन दिने कार्यक्षेत्र समितिलाई दिएको छ। त्यसै गरी प्रत्यायोजित अधिकार प्रयोग गरी नेपाल सरकारले तर्जुमा गरेका अधीनस्थ विधायनहरू मूल कानुनको उद्देश्य, मर्म र भावनासँग बाझिएको छ वा छैन, प्राकृतिक न्यायका मान्य सिद्धान्त अनुकूल छन् वा छैनन्, अधीनस्थ कानुन मार्फत स्वविवेककी अधिकारको अस्वाभाविक अधिकार प्रदान गरेको छ वा छैन, अधीनस्थ कानुनहरू नेपालको संविधान र मूल ऐनको भावना विपरीत बनेका छन् वा छैनन् आदि विषयहरूमा संसदीय निगरानी गर्ने दायित्व यस समितिलाई तोकिएको छ। सरकारलाई संसदप्रति उत्तरदायी बनाउन, मुलुकमा सुशासन कायम गर्न र सरकारका कामकारबाहीहरूलाई पारदर्शी बनाउन सरकारबाट संघीय संसदमा प्रस्तुत सरकारका नीति तथा कार्यक्रम, बजेट, प्रश्नोत्तर, विधेयक माथिको छलफल, ध्यानाकर्षण, सङ्कल्प लगायतका प्रस्तावहरूको कार्यान्वयनका विषयमा दिइएका लिखित तथा मौखिक आश्वासन पूरा भए वा भएनन् भन्ने सन्दर्भमा अध्ययन तथा अनुगमन गर्ने र ऐतिहासिक एवम् पुरातात्विक सम्पदा र राष्ट्रिय महत्वका दस्तावेज तथा

अभिलेख व्यवस्थापनका क्षेत्रमा अध्ययन, अनुगमन गरी देखिएका कमी कमजोरीहरूको पहिचान गर्ने र सुधारका लागि नेपाल सरकार तथा सम्बद्ध निकायहरूलाई सुझाव तथा निर्देशन दिने जस्ता विषयहरू यस समितिको कार्यक्षेत्र भित्र पर्दछ।

सम्माननीय अध्यक्ष महोदय, प्रतिवेदन अवधिमा समितिको पूर्ण बैठक ६७ वटा बसेका छन भने समिति अन्तर्गत गठित उपसमितिहरूका जम्मा बैठकहरू ५८ वटा बसेका छन्। समिते जाजरको भूकम्पबाट भएको क्षति, पुर्नस्थापना र पुन निर्माणसँग सम्बन्धित प्रतिवेदन, त्रिभुवन विश्वविद्यालय ऐन अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरूको सम्बन्धमा तयार गरेको प्रतिवेदन, संरक्षण र विकास बीचको द्वन्द न्यूनीकरणमा गर्ने उदेश्य सहित अध्ययन गरिएको राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्याहरूसँग सम्बन्धित प्रतिवेदन सम्मानित सभा समक्ष पेस गरि सकिएको छ। त्यसरी नै समितिले यस प्रतिवेदन अवधिमा नेपाल सरकारका माननीय मन्त्रीहरू, संवैधानिक निकायका पदाधिकारीहरू तथा नेपाल सरकारका सचिवहरू लगायत विभागीय प्रमुखहरू, विभिन्न विषयका विषय विज्ञहरू र सरोकारवाला समूहका प्रतिनिधिहरूसँग सम्बन्धित विषयमा छलफल तथा अन्तरक्रियाहरू गरेको छ। समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयहरूमा आवश्यकताका आधारमा अन्य समितिहरूसँग संयुक्त बैठक सम्पन्न गरेको छ, साथै विभिन्न प्रदेश अन्तर्गतका विभिन्न स्थानहरूको स्थलगत अवलोकन, अनुगमन तथा निरीक्षण गरी आवश्यक जानकारी लिने काम गरेको छ। स्थलगत अवलोकनका क्रममा सम्बन्धित प्रदेशका प्रदेश सभाका सदस्यहरू, स्थानीय तहका जनप्रतिनिधिहरू र सम्बन्धित सरोकारवाला समुदायहरूसँग छलफल तथा अन्तरक्रिया गरेको छ। साथै समितिको सक्रियतामा पुरानो प्रतिनिधिसभा भवन (ग्यालरी बैठक) को प्रबलीकरण कार्यसँग सम्बन्धित मुद्दामा सम्मानित अदालतबाट फैसला भई सकेकाले हाल पुनर्निर्माणको कार्य भइरहेको छ। समितिले प्रतिवेदन अवधिमा गरेका सम्पूर्ण कार्यहरूको विस्तृत विवरण प्रतिवेदनमा समेटिएको छ।

समितिको यस अवधिमा समितिको कार्यमा सक्रियतापूर्वक आफ्नो कार्यसम्पादन गर्नुहुने उपसमितिका संयोजकज्यूहरू लगायत सम्पूर्ण माननीय सदस्यहरू र समिति सचिवालयलाई हार्दिक धन्यवाद दिन चाहन्छु। सदैव हाम्रो समितिलाई सल्लाह, सुझाव तथा निर्देशन दिनु हुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू तथा माननीय उपाध्यज्यूलाई म हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु। समितिको कार्यमा निरन्तर सहयोग गर्नु हुने नेपाल सरकारका सम्माननीय प्रधानमन्त्रीज्यूहरू, माननीय मन्त्रीज्यूहरू, नेपाल सरकारका सचिवहरू र अन्य राष्ट्र सेवक कर्मचारीहरू, संघीय संसदका

महासचिव तथा राष्ट्रिय सभाका सचिव लगायत सम्पूर्ण कर्मचारीहरू, सुरक्षा निकायका राष्ट्र सेवक कर्मचारीहरू र आम सञ्चार क्षेत्रका सञ्चारकर्मीहरू सबैमा म धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको छैठौं वार्षिक प्रतिवेदन, २०८२ सम्मानित सभा समक्ष पेस गर्दछु।

(१५:०७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिल कुमार सिन्हालाई अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधान व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँदछु।

(१५:०८ बजे) **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री अनिल कुमार सिन्हाः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधान व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:०८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अव अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधान व्यवस्थापन समितिलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्य "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ, अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधान व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

मानननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल माघ १९ गते सोमवार अपराह्न १ बजे १५ मिनेटमा बस्ने गरी यो बैठक यही स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल माघ १९ गते सोमवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो।)

**स्थगितः १५:०९ बजे।**